साप्ताहिक
# गोरखा एक्सप्रेस
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४४ अंक २५ २०८२ माघ ६ गते मंगलबार (Jan.20, 2026) मूल्य रू. १०/-

## देउवालाई भाग चाहियो



नेता शेरबहादुरले मुखवीर मीन विश्वकर्मामार्फत गगन थापालाई भनेका छन्- आधा उमेदवारमा देउवाले सही गर्नुभयो, बाँकीमा तपाई गर्नोस् । यसको अर्थ देउवाले प्रस्ताव पठाएका छन् -'भाग शान्ति जय नेपाल गरौं ।' सबै मिलेर चुनावमा जानुपर्नेमा देउवा गुट तैयार भयो तर देउवा योग्यताको कदर गरेर उमेदवार छनौट गरौं भन्न नसक्ने अवस्थामा देखिएका छन् । रूख चिन्हबाटै चुनाव लड्न चाहने भएपछि अदालतको कुरा छाडेर कांग्रेस एकढिक्का हुन नसक्नुमा देउवा फेरि चिप्लिएका छन् ।

देउवाले समानुपातिकमा सही गरेर निर्वाचन आयोगमा पठाइसकेका छन् । प्रतिनिधिसभाका उमेदवारमा गगनले सही गरेर पठाए हुन्छ भन्ने आशय हो । सहीभन्दा ठूलो कुरा, कांग्रेसीहरूको गुटबाजीको अन्त्य जरूरी थियो । चुनाव जितेका गगनलाई महाधिवेशन र निर्वाचन आयोग हारेका देउवाले अहंकार र गुटबाजीमा घिसार्न खोज्नु अर्को हार हो । प्रजातन्त्रको बिडा उठाउने पार्टी भनेर नथाक्ने कांग्रेसभित्र देउवाको गुटबाजी, तेरोमेरो गरेर कांग्रेसलाई पतनमार्ग लगिदैछ ।

## मुद्दा फिर्ता के हुन्छ ?



रास्वपा सभापति रवि लामिछानेको सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराध मुद्दा फिर्ता गर्ने महान्यायाधिवक्ताको निर्णयविरूद्ध सर्वोच्च अदालतमा परेको रिटको आज माघ ६ गते पेसी छ । रिट रिट युवराज पौडेलले हालेका हुन् । पुस ३० गते गरेको निर्णय र सोसँग सम्बन्धित पत्राचारहरू गैरकानुनी तथा बदनियतपूर्ण हो होइन, बदर हुन्छ हुन्न, सर्वोच्चले फैसला गर्नेछ । आसन्न निर्वाचनको माहोल बनाउने वा बिगार्न यो मुद्दालाई महत्वपूर्ण मानिएको छ । रास्वपा बहुमत ल्याउने आँधी आए जसरी चुनावमा होमिएको छ र आगामी सरकार हाँक्ने तैयारीमा छ । बालेन साह र सभापति रवि लामिछाने जहाँ जान्छन्, भव्य स्वागत भइरहेको देखिन्छ ।

## २० मिटर मापदण्ड उल्ट्यायो सर्वोच्चले



खोला किनारबाट २० मिटर थप छाड्नुपर्ने मापदण्ड स्थापित भएपछि नदी किनारका बासिन्दा लामो आन्दोलन गर्दै असन्तुष्टि व्यक्त गरिरहेका थिए । माघ ४ गते सर्वोच्च अदालतले नदी किनारबाट थप २० मिटरमा कुनै संरचना निर्माण गर्न नपाउने सर्वोच्चको संयुक्त इजलास र मन्त्रिपरिषदले गरेको तत्कालीन निर्धारण गरेको मापदण्डको फैसलालाई अहिले उल्ट्याइदिएको छ । न्यायाधीशत्रय सुनिलकुमार पोखरेल, बालकृष्ण ढकाल र नृपध्वज निरौलाको इजलासले यसअघिको संयुक्त इजलासको फैसलालाई उल्ट्याइदिएको हो । फैसलामा त्यो हदसम्म कानुन र न्यायस)गत नदेखिएको ठहर गरिएको छ ।

## सुनिता मेयर, एमालेको आत्मरती



मेयर वालेन साह राजीनामा दिएर चुनावमा गएपछि काठमाण्डु महानगरपालिकाकी कार्यबाहक बनेकी सुनिता डंगोलले मेयरलाई धन्यवाद दिएकी छन् । तर पार्टी अध्यक्ष ओलीका दाहिने हात मानिएका महेश बस्नेतले एमालेले मेयर जितेको दावी गरेर जग हँसाएका छन् । महानगरको बैठकले वालेनको आगामी दिनको सफलताको लागि कामना पनि गरेको छ ।

## धरौटीमा छुट्ने पालो रायमाझीको




भुटानी शरणार्थीका नाममा नेपाली, भारतीय, चाइनिजसम्मलाई पनि अमेरिका निकासी गरेको आरोपमा वर्षौंदेखि थुनामा रहेका टोपबहादुर रायमाझीले धरौटीमा छुट्न पाउँ भन्ने निवेदनमा कैफियत प्रतिवेदन झिकाएको छ । जिल्ला अदालत काठमाडौंले रायमाझीलाई नक्कली भुटानी शरणार्थी प्रकरणमा २०८० असार १ गते पुर्पक्षका लागि कारागार पठाएको थियो । पुस ११ गते जिल्ला अदालतमै धरौटीमा रिहा गर्न माग गरेकोमा पुन: उनलाई माग बमोजिम नहुने भनेको थियो । स्मरणीय छ, पटक पटक मन्त्री बनेका र २०६४, ७०, ७४, ७९ को अर्घाखाँचीबाट चुनाव जितेका रायमाझीसँगै पूर्व गृहमन्त्री बालकृष्ण खाँणसहित २०८० मा पक्राउ परेका ६ जना थुनामा पुगेका थिए । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले तत्कालीन प्रधानमन्त्री प्रचण्डमार्फत थुनामुक्त गराएका थिए । तत्कालीन माओवादीले फसाएका रायमाझीलाई माओवादीले छुटाउन चाहेनन् भने एमालेतिर लागेपछि एमालेका अध्यक्ष केपी ओलीले पनि उनलाई छुटाउन कुनै चासो दिएनन् ।

भुटानी शरणार्थी प्रकरणमा नैतिक पतन देखिने राष्ट्रघाती कार्यमा कांग्रेस सभापति देउवा पत्नीदेखि तत्कालीन माओवादी र एमालेका अनेक नेता तथा शीर्ष कर्मचारीहरूको संग्लनता रहेको सार्वजनिक भइसकेको हो ।

## कीर्तिपुरेको नाक काटिएको प्रसङ्ग

***शौरभ लेख्छन्-*** सन १७६६ मा कीर्तिपुरको जनसंख्या हुन आउँछ २ हजार २ सय ५० मात्र। अब बृद्ध, महिला, बालबालिका छाडेर युद्धयोग्य जनसंख्या हुन आउँछ एक चौथाइ अर्थात ५ सय ६० जना। ती नाकहरको तौल १७ धार्नी ( करिब ८० पाउन्ड) थियो । जम्मा ८६५ जनाको नाक काटिएको थियो । १७ धार्नी बराबर ८० पाउन्ड हुँदैन । ८९.७ पाउन्ड हुन्छ। एक व्यक्तिको नाकको तौल २० गथ्रामदेखि २५ थग्राम हुन्छ । २५ ग्राम नै मानों, १ धार्नी बराबर २.४ किलोग्रामको हिसाबले १७ धार्नी बराबर ४०.७ किलोग्राम नाक हुन आउँछ। जसको अर्थ हो १६२७ जनाको नाक काटियो । यो ८६५ को करिब दोब्बर छ । यसलाई भनिन्छ, ढाँटेको कुरा काटे पनि मिल्दैन ।

***बुद्धिनारायण श्रेष्ठको टिप्पणी-*** पृथ्वीनारायण शाहको सकारात्मक तथा नकारात्मक पाटो जेजस्तो भनिएको, देखिएको, बुझिएको, सुनिएको भए पनि अंग्रज फिरंगीविरूद्ध छरिएर रहेका हिमाली राज्यलाई एकताबद्ध गर्ने अभियान उनले सुरू नगरेको भए अहिले हामी नेपाली भएर रहने थिएनौं भन्ने कुराचाहिं शाश्वत सत्य हो । यो सत्य सन्देश आज पनि त्यत्तिकै सान्दर्भिक मान्न सकिन्छ ।

# लाशमा सास, स्वराजको आश



कांग्रेस लाश र दासहरूको पार्टी होइन, यहाँ कोही 'बा' छैन भन्ने कांग्रेस महामन्त्री गगन थापा पार्टी सभापति बनेका छन् । अब लाशमा सास भर्ने र दासलाई स्वतन्त्र पार्ने जिम्मेवारी गगनकै काँधमा आएको छ । कांग्रेसको महाधिवेशन नामले र कामले नै विशेष हुनपुग्यो । अब देउवा समूहलाई पनि एउटै समूहमा समावेश गर्ने गुरूत्तर दायित्व गगन थापाको हो । एक भएर चुनावमा जाने, भागबण्डाको परम्परा तोड्ने, योग्यताको कदर गर्ने र सुशासन दिनका लागि भ्रष्टाचारको भण्डाफोर गर्ने दायित्व पनि सभापति गगनकै हो ।

नेता बदलियो, नीति बदलिन्छ कि बदलिंदैन अग्नि परीक्षामा छन् सभापति र उपसभापति गगन थापा र विश्वप्रकाश । यतिबेला कांग्रेसभित्र मात्र होइन, कांग्रेसलाई आशाको नजर लगाइरहेकाहरूको प्रश्न छ- व्यक्ति फेरियो, व्यवहार फेरिएला ? कांग्रेसलाई जिवन्त पार्ने र जिउँदाको पार्टी बनाउलान् ? नयाँ नेतृत्वका सामु कांग्रेसलाई इतिहास, संघर्षका बिरासत, प्रजातन्त्रको बिडा उठाउन सक्ने संस्था बनाउनु छ । मूल जरो वीपीको सिद्धान्तलाई पार्टीमा स्थापित गराउनु छ । यही सफलतामा कांग्रेस प्रजातान्त्रिक बन्नेछ ।

कांग्रेस एक नभई पूर्वप्राप्त जनमत स्थिर हुँदैन, बढ्दैन । यसका लागि गुट छैन भन्ने सभापतिको कथन यथार्थ बन्नुपर्छ । कोही 'बा' छैन भन्ने मान्यता स्थापित गर्न, अविश्वास, भ्रष्टाचारको आरोप पखाल्नुपर्छ, दिशा देखाउन, अदूरदर्शीतालाई पूर्णविराम लगाउनु पर्छ । आन्तरिक प्रजातान्त्रिक अभ्यास मजबुत बनाउन र निर्णय क्षमतामा अभिवृद्धि गर्नुपर्छ । कांग्रेस जिउँदो भएपछि गन्धेझारझैं बढेको जनअसन्तुष्टि कम हुनसक्छ, यही सफलताले भदौ २३, २४ को जस्तो जेनजीबिद्रोहलाई रोक्नेछ । जेनजीका मागलाई संबोधन गर्नैपर्छ । बिद्रोह स्वीकार्नैपर्छ, सकार्नैपर्छ ।

राजनीति यथास्थितिमा चल्न सक्दैन भन्ने जेनजी हुंकार संवोधनमा कांग्रेसको नेतृत्वको सफलता आँकिनेछ । सत्तास्वार्थ पूरा गर्न कम्युनिष्टको धेरै पछि लाग्यो कांग्रेस । नीति, सिद्धान्त, नैतिकता भुल्यो कांग्रेसले । त्यसमा सचेत भएर गगन थापाले कांग्रेस हाँक्न सके भने परिवर्तनको आभास दिलाउन सक्नेछन् ।

## चुनाव स्विकार्छौं



शेखर कोइलालाई माघ ४ गते आफ्ना पक्षधरलाई एकै ठाउँमा राखेर निर्वाचनको बिकल्प नभएकाले फागुन २१ को चुनावमा होमिनुपर्ने प्रष्टोक्ति दिएका छन् । पार्टीमा अतिवाद गहिरिएको स्वीकार्दै आफू मध्यमार्गमा रहेको र आफ्नो अडान नत्याग्ने पनि खुलासा गरेका छन् ।

शेखर कोइरालालाई पटक पटक अनुरोध गर्दासमेत विशेष महाधिवेशनमा ल्याउन नसकिएको भए पनि नवनिर्वाचित सभापति गगन थापा र उपसभापति विश्वप्रकाशलाई सबैलाई समेट्न सुझाव दिएका छन् । यसका साथै असन्तुष्टहरू अदालत गएकाले अदालतको फैसला मान्य हुने पनि प्रष्ट पारेका छन् ।

## महेशले ओली जिताउने, बालेन हराउने







एमाले भनेको केपी ओली, केपी ओली भभनेको महेश बस्नेत हुन् भन्ने टिकाटिप्पणी हुनथालेको छ । हुन पनि प्रधानमन्त्री हुँदै हेलिकोप्टर चढेर भागेका केपी ओलीका लागि जेनजी आन्दोलनका दौरानमा एकजना पनि एमाले नेता म एमाले भनेर उभिन सकेनन्, सबै भिजेका परालखुट्टे देखिएका थिए ।

तर, महेश बस्नेतले भक्तपुरको गुण्डुमा अवतरण गराएर बेहास भएको एमाले बौराइदिए । केपी ओली र एमालेका लागि राजनीतिक डाक्टर भनेकै महेश बस्नेत पो देखिए । यिनैले नेशनल भोलेन्टिएर फोर्स गठन गरेर केपी ओलीको सुरक्षा र एमालेको रक्षा गरिरहेझैं देखिन्छ । विश्लेषकहरू भन्छन्- मेहेश बस्नेतजत्तिको अर्को नेता एमालेमा देखिएनन् ।

यतिबेला राजधानीको मेयर राजीनामा गरेर रास्वपाले भावी प्रधानमन्त्री तोकिसकेका बालेन साह केपी ओलीसँगै चुनावी प्रतिस्पर्धा गर्न झापा ५ पुगिसकेका छन् । धेरैले मधेसको सुरक्षित क्षेत्रबाट चुनाव लड्न सुझाव दिंदा पनि केपी ओलीलाई हराउन मजा आउने अभिव्यक्ति दिने बालेन साहलाई हराउने र रास्वपाका सभापति रवि लामिछानेमाथि सहकारी ठग भन्दै लखेट्ने बहिस्कार गरेर लखेट्छौं भनेका छन् । एमालेका सचिव महेश बस्नेतले एमाले नै ग्रामीण जीवनको शोषण, दमन, उत्पीडन र अर्थतन्त्रका समस्याको समाधान गर्ने पार्टी दाबी गरेका छन् । बस्नेतले गत भदौ २४ गते सिंहदरबारसहित राष्ट्रका धरोहर जलाउनेहरूको हिसाबकिताब र खोजीनिती हुने बताउँदै देश जलाउने लुसिफरहरू, दलालहरू हामीले चिनिसक्यौं, अब यसको हिसाबकिताब चुनावमार्फत हुन्छ भनेर चुनौती दिएका छन् ।

सबै पार्टीले उमेदवारहरू छनौट गरेर मनोनयनको तयारी गरिरहँदा मनोनयनको समय थप्नुपर्ने आवाज उठेपछि थपिने तैयारी छ भने बालेन रास्वपा र वालेन साहीं यतिबेला राजनीतिक र कूटनीतिक बृत्तमा समेत सर्वाधिक चर्चाका विषय बनेका छन् । वालेन साहको चर्चा विदेशी मिडियामा समेत हुन थालेकाले झापा ५ को ओली, वालेन टक्कर ऐतिहासिक हुने देखिन्छ ।

# पानीपुरी, चट्पटे र चाट : महामारीको जोखिम



**अनुसा थापा**

अस्वस्थ र खान अयोग्य खाद्य सामानले जनताको स्वास्थ्य र पैसा सकिदाँ सरकारलाई हाइसञ्चो हुन्छ हो ? पानीपुरी भुरादेखि बुढासम्मले खान रूचाउँछन् । झन् युवायुवती पानीपुरी भनेपछि हुरूक्कै हुन्छन् । जसले गर्दा पछिल्लो समय पानीपुरी, चटपटे र चाट पसल जताततै देख्न सकिन्छ । कतिपयले ठेलागाडामा त कतिपयले सटर नै लिएर पानीपुरी बेच्न राखेका छन् ।

खाजाको अर्को रूचाइने परिकार डोनट, बटारे, निम्की, आलु चिप्स, आलु चप हो । डोनट पसल पनि छ्याप्छ्याप्ती देखिन्छ । तर अति लोकप्रिय यी खाद्य सामग्री कति स्वस्थकर छन्, यसको नियमन हुनसकेको देखिदैन ।



यी खानेकुरा जनताको पेटमा जान्छ । के यी खानेकुरा स्वास्थ्यका लागि लाभदायक छ ? छैन । माथि उल्लेखित खानेकुराहरू केमिकल र स्वास्थ्यलाई हानिकारक हुने सामग्रीको प्रयोग गरेर बनाइन्छ । पानीपुरी मैदाले बन्छ । एउटै तेलमा सयौं पटक पानीपुरी फुराइन्छ । कुहिएको आलु र हड्डी खियाउने अजिनामोटोको अधिक प्रयोग हुन्छ । फोहर पानी, अखाद्य रङ, मसला हालिन्छ । सफाइमा ध्यान दिइदैन । भाडाकुँडा सफा हुँदैन । हातमा पञ्जा हुँदैन, पानीपुरी र चटपटे बनाइन्छ, बेचिन्छ । रोचक प्रसंग के भने, चटपटे र पानीपुरी खाने अधिक शिक्षित वर्ग छन् । बिहान खानाको सट्टा पनि पानीपुरी र चटपटे खानेहरू छन् ।

कसले अनुगमन गर्ने ? मान्छेको महत्वपूर्ण भित्री अंग बिगार्न सक्छ । यस्ता खाने अधिकांश बालबालिका, युवायुवतीको जमात हुन् । अस्पतालमा गम्भीर बिरामी बढ्नुको कारण यस्तै खानेकुरा हुन् । जन्मदिनमा केक काट्ने चलन बढेको छ । यसमा कुहिएको अण्डा हाल्ने गरिन्छ ।

पप, पाउरोटी, बम, क्रिम रोल पनि खाजाकै परिकार हो । त्यो कसरी बन्छ ? पाउरोटीमा केमिकल हालिन्छ भन्नेमा कुनै शंका छैन । मिठाइमा पनि न्यूनतम मापदण्ड पालना गरेको देखिदैन । मिठाइ पसल फोहोर र दुर्गन्धित देखिन्छन् । मासु पसलमा मरेका कुखुरा, बाखा, खसी, भैंसी, राँगासमेत बेचिरहेको अवस्था छ । मम पसलदेखि डेरीसम्म अस्वस्थकर र मिसावट उस्तै हुन्छ । तरकारी र फलफूलमा विषादीको प्रयोग हुन्छ । जेमा पनि अत्यधिक केमिकलको मिसावट हुन्छ । जस्तो सामान बेचे पनि अनुगमन हुँदैन, सरकार कहाँ छ, के गर्छ ? अभिभावक गम्भीर हौं ।

# कोइराला राजनीति अवसान



कांग्रेसमा कोइराला परिवारको राजनीति समाप्त हुने मोडमा आइपुगेको छ । कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाशले विद्रोह गरेर विशेष अधिवेशन बोलाएपछि मध्यमार्गी धार लिएर हिंडेका शेखर कोइराला न देउवापक्ष, न गगन पक्षमा खुल्न सके । सुजाता कोइराला राजनीतिबाट टाढै पुगिसकिन् । सशांक कोइरालाको राजनीति न यता, न उतामै बितेको छ । पटक पटक चुनाव जिते पनि वीपीपुत्र शशांक कोइरालाले वीपी नीति लिएर अघि बढ्न सकेनन् । सभापति शेरबहादुर देउवाको छायाँमा परेर समय गुजारिरहे । अर्थात् वीपीको बिराशत धान्ने लुर यी तिनै नेतामा देखिएन । यसपल्ट शेखर कोइरालाका लागि ठूलो मौका थियो, कांग्रेसको सभापति बन्ने । गगन र विश्वप्रकाशले लाख प्रयत्न गर्दा पनि शेखर कांग्रेसको पुस्तान्तरण र नेतृत्व हस्तान्तरणको पक्षमा उभिन सकेनन् ।

शेखरको मौका गुम्यो । गगन र विश्वप्रकाशमा कांग्रेसजनले विश्वास गरे, समर्थन जनाए, साथ दिए र विशेष अधिवेशन सफल नै पारिदिए । ६४ प्रतिशत कांग्रेसीले समर्थन गरिसक्दा पनि शेखर कोइराला नेतृत्व परिवर्तनका पक्षमा गगन र विश्वप्रकाशको साथमा उभिन आएनन् । कांग्रेस टुक्रिदैन, मिलाउँछु भन्दै सभापति शेरबहादुर देउवाको घरमा चक्कर लगाइरहे । भृकुटी मण्डपमा सभापति देउवाविरूद्ध गगनभेदी नारा सुनिसकेपछि पनि शेखर अधिवेशनमा आउन सकेनन् ।

## अमेरिकाको नीति
## कम्युनिष्टको बिनास र राष्ट्रिय स्वार्थ

संयुक्त राज्य अमेरिकाले विभिन्न समयमा आफ्नो राष्ट्रिय स्वार्थ, विचारधारा ( साम्यवाद विरोध), र सुरक्षाका कारणले विश्वका धेरै देशहरूमा सैन्य हस्तक्षेप, सत्ता परिवर्तन र नेताहरूको हत्या वा अपदस्थ गर्ने कार्यहरू गरेको छ ।

१. सत्ताच्युत गरिएका प्रमुख देशहरू र कारण

- अमेरिकाले प्रत्यक्ष वा अप्रत्यक्ष (गुप्तचर संस्था CIA मार्फत) रूपमा धेरै देशका सरकारहरू ढालेको छ :

**इरान** (१९५३): प्रधानमन्त्री मोहम्मद मोसादेघलाई सत्ताच्युत गरियो ।

कारण: उनले इरानको तेल उद्योगलाई राष्ट्रियकरण गरेका थिए, जसले बेलायत र अमेरिकाको व्यापारिक स्वार्थमा धक्का पुऱ्याएको थियो ।

**ग्वाटेमाला** (१९५४): राष्ट्रपति जाकोबो अर्बेन्जलाई हटाइयो ।

कारण: उनले ल्याएको भूमिसुधारले अमेरिकी कम्पनी 'युनाइटेड फ्रुट कम्पनी'को हितमा असर पारेको थियो ।

**चिली** (१९७३): लोकतान्त्रिक रूपमा निर्वाचित राष्ट्रपति साल्भाडोर एलेन्डेको सत्ता पल्टाउन सहयोग गरियो ।

कारण: उनी समाजवादी विचारधाराका थिए, जसलाई अमेरिकाले साम्यवादको विस्तारका रूपमा हेर्यो ।

**पनामा** (१९८९): सैन्य शासक म्यानुएल नोरिएगा हटाउन आक्रमण गरियो ।

कारण: नोरिएगामाथि लागुऔषध तस्करी र पनामा नहरमाथिको अमेरिकी नियन्त्रणमा चुनौती दिएको आरोप थियो ।

**२. मारिएका वा मृत्युको मुखमा पुऱ्याइएका प्रमुख नेताहरू**

अमेरिकाको हस्तक्षेपका कारण कतिपय नेताहरूको हत्या भयो भने कतिपयलाई पक्राउ गरी मृत्युदण्ड दिइयो:

**पेट्रिस लुमुम्बा (कङ्गो, १९६१)**: स्वतन्त्र कङ्गोका पहिलो प्रधानमन्त्री लुमुम्बाको हत्यामा CIA को संलग्नता रहेको मानिन्छ ।

कारण: उनी सोभियत संघसँग नजिकिन खोजेका थिए।

**नगो दिन्ह दिएम (दक्षिण भियतनाम,** १९६३): आफ्नै सेनाद्वारा गरिएको विद्रोहमा मारिए, जसमा अमेरिकाको मौन समर्थन थियो ।

**सद्दाम हुसेन (इराक, २००३):** अमेरिकी आक्रमणपछि पक्राउ परेका उनलाई पछि इराकको अदालतले मृत्युदण्ड दियो ।

कारण: इराकमा 'आम विनाशका हतियार' भएको आरोप लगाइएको थियो ।

**मोहम्मद गद्दाफी (लिबिया, २०११):** नाटो (र अमेरिकाको सैन्य सहयोगमा भएको विद्रोहमा उनी मारिए ।

कारण: मानवअधिकार उल्लंघन र तानाशाही अन्त्य गर्ने उद्देश्य भनिए पनि तेल र भू-राजनीति मुख्य कारण थियो ।

**३. सैन्य आक्रमण गरी तहसनहस पारिएका देशहरू**

यी देशहरूमा अमेरिकाले लामो समय सैन्य युद्ध सञ्चालन गरेको छ:

**भियतनाम (१९५५-१९७५):** उत्तर भियतनामको साम्यवाद रोक्न गरिएको यो युद्धमा लाखौं मानिस मारिए।

**अफगानिस्तान (२००१-२०२१):** ९/११ को हमलापछि अल-कायदा र तालिबान विरूद्ध २० वर्षसम्म युद्ध चल्यो, जसले देशलाई जर्जर बनायो।

**इराक (२००३-२०११):** बिना कुनै ठोस प्रमाण सद्दाम हुसेन विरूद्ध गरिएको आक्रमणले इराकमा आजसम्म पनि अस्थिरता र गृहयुद्धको स्थिति सिर्जना गरेको छ।

**लिबिया (२०११)**: हवाई आक्रमण र विद्रोहीलाई सहयोग गर्दा लिबिया अहिले पनि विभाजित र संकटग्रस्त अवस्थामा छ।

**४. अन्य हस्तक्षेपहरू**

**क्युबा (१९६१):** 'बे अफ पिग्स' (द्यबथ या एष्नक) मार्फत फिडेल क्यास्त्रोलाई हटाउने प्रयास असफल भयो।

**हाइटी (१९९४/२००४)**: यहाँ पनि पटक-पटक सैन्य हस्तक्षेप र सत्ता परिवर्तनमा अमेरिका संलग्न रह्यो।

**सिरिया (२०११ पछि):** विद्रोही समूहहरूलाई हतियार र सहयोग उपलब्ध गराउँदा लामो गृहयुद्ध चलिरहेको छ।

अमेरिकाले यस्ता हस्तक्षेपहरू गर्दा प्राय: "लोकतन्त्रको रक्षा", "मानवअधिकार" वा "राष्ट्रिय सुरक्षा" लाई कारण देखाउने गर्दछ, तर धेरैजसो अवस्थामा व्यापारिक स्वार्थ र साम्यवाद विरोधी रणनीति (Cold War Politics) मुख्य कारक देखिन्छन्।

साभार डिसी नेपाल

# पाठ सिकौं, भूराजनीति व्यवस्थापन गरौं

दक्षिण एसियाका कुनै एक देशमा देखिने राजनीतिक संकटलाई हामी प्राय: 'अपवाद' का रूपमा बुझ्ने गर्छौं- त्यहाँको इतिहास, नेतृत्व वा सामाजिक संरचनाको विशिष्ट परिणाम भनेर । तर व्यावहारिक यथार्थ फरक छ । यस क्षेत्रका धेरै संकटहरू आकस्मिक होइनन्, ती दीर्घकालीन संरचनागत क्षय, कमजोर शासन क्षमता र वैधताको क्रमिक पतनका नतिजा हुन् । बंगलादेशमा शेख हसिनापछिको राजनीतिक अस्थिरता, सडककेन्द्रित शक्ति र संस्थागत अविश्वास नेपालका लागि टाढाको घटना होइन- यो एउटा स्पष्ट प्रारम्भिक चेतावनी हो ।

यो समानता वैचारिक छैन, कार्यात्मक छ । लोकतान्त्रिक संक्रमणपछि उत्पन्न थकान, शासन कार्यसम्पादनमा गिरावट र राज्य-नागरिक सम्बन्धमा देखिएको दूरी- यी सबै प्रक्रियाले राज्यलाई भित्रैबाट कमजोर बनाउँछन् । यही कमजोरीले अन्तत: सडकलाई निर्णायक बनाउँछ र संस्थालाई प्रतिक्रियात्मक । नेपालले यो सबक अहिले नै बुझ्नुपर्छ- ढिलो भयो भने छिमेकीहरूको भोगाइ आफूले दोहोऱ्याउनुपर्ने हुनसक्छ ।

**छिमेकीको पाठ**

दक्षिण एसियाका तीन वटा हालैका संकट- श्रीलंका (२०२२), म्यानमार (२०२१ देखि) र बंगलादेश (२०२४) ले नेपाललाई तीन वटा महत्त्वपूर्ण सन्देश दिएका छन् ।

श्रीलंकाले देखायो कि आर्थिक दुर्व्यवस्थापन र अभिजात वर्गको अहंकारले राज्यलाई रातारात दिवालिया बनाउन सक्छ । एक पटक आर्थिक संकट गहिरियो भने त्यसले राजनीतिक वैधता, सामाजिक सुरक्षा र राष्ट्रिय सार्वभौमिकतासमेत गुमाउँछ । विदेशी मुद्राको अभाव, ऊर्जा संकट र खाद्यान्न आयातमा असफलताले सडकमा लाखौं मान्छे उतार्‍यो । राष्ट्रपति भाग्न बाध्य भए । यो आर्थिक असफलताको राजनीतिक मूल्य थियो । म्यानमारले देखायो कि जब सेना राजनीतिक निर्णायक बन्छ, तब लोकतन्त्र कागजको सजावट मात्र हुन्छ । सैन्य हस्तक्षेपपछि म्यानमार गृहयुद्ध, जातीय विद्रोह र क्षेत्रीय विघटनतर्फ धकेलियो । राज्य अधिकार केन्द्रबाट हराउँदै गयो । बाह्य शक्तिहरूले आन्तरिक विभाजनलाई भू-राजनीतिक साधनका रूपमा प्रयोग गरे । यो सैन्य अतिक्रमणको लामो मूल्य हो ।

बंगलादेशले भर्खरै देखायो कि जब शासन अधिनायकवादी हुन्छ, संस्थाहरू व्यक्तिकेन्द्रित बन्छन् र जनअसन्तुष्टिलाई दमनमार्फत नियन्त्रण गर्ने प्रयास गरिन्छ, तब एउटा घटनाले सम्पूर्ण प्रणाली ध्वस्त पार्न सक्छ । विद्यार्थी आन्दोलन सुरूमा वैध माग थियो, पछि सडक शक्तिमा परिणत भयो । अहिले बंगलादेश संवैधानिक अस्पष्टता, धार्मिक उग्रवाद र क्षेत्रीय हस्तक्षेपको जोखिममा छ ।

**नेपालले यी तीनैबाट एउटै पाठ लिनुपर्छ** : संकट एकै पटक आउँदैन तर संस्थागत क्षय दशकौंसम्म जम्मा हुन्छ । जब त्यो सीमा नाघ्छ, त्यसलाई उल्टाउन पुस्तासम्म लाग्छ ।

**संक्रमणपछिको थकान र वैधताको क्षय**

बंगलादेश र नेपाल दुवै संक्रमणपछिका राज्य हुन् । बंगलादेशमा स्वतन्त्रतापछिको धर्मनिरपेक्ष गणतन्त्र र पछिल्लो दशकको अधिनायकवादी स्थिरताले केही समय शासन नियन्त्रण कायम राख्यो । तर त्यो स्थिरता संस्थागत क्षमता र सामाजिक सहमतिमा आधारित थिएन । व्यक्तिकेन्द्रित र सुरक्षा आधारित थियो । जब आर्थिक दबाब, राजनीतिक दृष्टिहीनता र वैधताको क्षय एकसाथ आए, त्यो स्थिरता टिक्न सकेन । नेपालमा सन् २०१५ को संविधानले समावेशी संघीय संरचना दियो । राजनीतिक प्रतिनिधित्व विस्तार भयो, पहिचानको मान्यता स्थापित भयो । तर शासन कार्यसम्पादन-सेवा प्रवाह, रोजगारी सिर्जना, सार्वजनिक सुरक्षा र कानुनी पूर्वानुमेयतामा अपेक्षित सुधार आउन सकेन । परिणामत: जनअसन्तुष्टि सुधारवादी मागबाट प्रणालीविरोधी भावनातर्फ सर्दै छ । दक्षिण एसियाली अनुभवअनुसार, यही संक्रमण गैरसंवैधानिक राजनीतितर्फ जाने प्रमुख पूर्वसंकेत हो । श्रीलंका, पाकिस्तान र बंगलादेशले यसलाई बारम्बार प्रमाणित गरेका छन् । नेपालले सोच्नुपर्छ : के हामी फरक छौं वा हामी पनि त्यही बाटोमा हिँडिरहेका छौं ?

संस्थाको सट्टा सडक शक्ति

बंगलादेशमा देखिएको 'ओकलोक्रेसी' जहाँ सडक नै अन्तिम निर्णायक बन्छ- एकाएक आएको होइन । संस्थामाथिको विश्वास क्रमश: क्षय हुँदै जाँदा संसद्, न्यायपालिका र प्रशासन औपचारिक रूपमा कायम रहे पनि व्यावहारिक रूपमा शक्ति सडकमा सर्‍यो । यही प्रक्रिया म्यानमारमा सैन्य शासनअघि, श्रीलंकामा 'गोटा गो होम' आन्दोलनअघि र पाकिस्तानमा इमरान खानको पतनअघि देखिएको थियो ।

नेपाल अझै त्यहाँ पुगेको छैन । तर 'सडक भिटो' शक्ति बढ्दो छ- जेन-जी आन्दोलन, पहिचान आधारित परिचालन र राजतन्त्र पुनरागमनसम्बन्धी बहस यसका उदाहरण हुन् । जब संसद्, राजनीतिक दल, प्रहरी र प्रशासनप्रति जनविश्वास घट्छ, तब संस्थागत निर्णयको वैधता सडकको सहमतिमा निर्भर हुन थाल्छ ।

यो खतरनाक मोड हो । किनकि सडक शक्ति भावनात्मक, तात्कालिक र प्राय: अल्पकालीन हुन्छ । त्यसमा दीर्घकालीन रणनीति, संवैधानिक सीमा र जवाफदेहिताको संयन्त्र हुँदैन । जब सडकले संस्थालाई प्रतिस्थापित गर्न थाल्छ, राज्य अधिकार क्रमिक रूपमा कमजोर हुँदै जान्छ । यही विन्दु बंगलादेशसँगको सबैभन्दा चिन्ताजनक समानान्तरता हो । नेपालले यो स्थिति रोक्नुपर्छ- ढिलो भयो भने बंगलादेशको बाटो अपरिहार्य हुन्छ ।

**युवा आन्दोलन : परिवर्तनको ऊर्जा कि रणनीतिक प्रवेशद्वार ?**

बंगलादेशमा विद्यार्थी नेतृत्वको आन्दोलनले सुरूमा वैध असन्तुष्टि बोकेको थियो । तर संगठनात्मक अनुशासन र संस्थागत मार्गको अभावले त्यसमा इस्लामवादी, आपराधिक र बाह्य वैचारिक तत्त्वहरू प्रवेश गरे । आन्दोलन क्रमश: राज्यविरोधी मात्र होइन, राज्य-प्रतिस्थापनतर्फ उन्मुख भयो । यो प्रक्रिया अरब वसन्त, हङकङ आन्दोलन र म्यानमारको युवा विद्रोहमा पनि देखिएको थियो । नेपालका युवा आन्दोलनहरू हालसम्म धर्मनिरपेक्ष, पारदर्शिताकेन्द्रित र सुशासनमुखी छन् । यो सकारात्मक संकेत हो । तर जब संस्थागत राजनीति युवाका लागि बन्दजस्तै हुन्छ, जब राजनीतिक दलमा प्रवेश वंशानुगत वा बफादारीमा आधारित हुन्छ, जब नीति-निर्माणमा युवाको प्रतिनिधित्व सतही हुन्छ तब सडक नै राजनीतिक विद्यालय बन्छ ।

दक्षिण एसियाली भू-राजनीतिक सन्दर्भमा यो अत्यन्त संवेदनशील अवस्था हो । किनकि डिजिटल सूचना युद्ध, आईएनजीओ र एनजीओकेन्द्रित सक्रियता र बाह्य वैचारिक प्रभाव यतिखेर युवामार्फत नै प्रवेश गर्छन् । सोसल मिडियामा फैलिने भ्रम, आर्थिक रूपमा समर्थित आन्दोलन र बाह्य एजेन्डाको आयात, यी सबै युवा असन्तुष्टिलाई साधनका रूपमा प्रयोग गर्छन् । इतिहासले देखाउँछ- अव्यवस्थित ऊर्जा लामो समय तटस्थ रहँदैन । या त संस्थाले त्यसलाई आत्मसात् गर्छ वा बाह्य शक्तिले त्यसलाई हतियार बनाउँछ । नेपालले युवा आन्दोलनलाई राजनीतिक प्रणालीभित्र ल्याउनुपर्छ, ढिलो भयो भने बंगलादेशजस्तै अनियन्त्रित हुनेछ ।

**वैचारिक रिक्तता र प्रतिस्थापनको जोखिम**

बंगलादेशमा अधिनायकवादी रिक्तता इस्लामवादले भर्‍यो । म्यानमारमा लोकतान्त्रिक रिक्तता सैन्य शासनले भर्‍यो । श्रीलंकामा आर्थिक रिक्तता राजनीतिक अराजकताले भर्‍यो । नेपालमा यस्तै रिक्तता आयो भने पुन:स्थापनात्मक राष्ट्रवाद, उग्र जनवाद वा बाह्य वैचारिक आयातले ठाउँ लिन सक्छ ।

जोखिम विचारधारामा होइन । राज्य अधिकार कमजोर हुँदा सिर्जित रिक्तताको दुरूपयोगमा छ । जब राज्य निर्णायक रहँदैन, सेवा प्रदान गर्न असफल हुन्छ, न्याय दिलाउन सक्दैन, तब वैचारिक शक्तिहरू प्रतिस्थापन हुन्छन् । ती धार्मिक हुन सक्छन्, जातीय हुन सक्छन् वा बाह्य भू-राजनीतिक शक्तिका एजेन्ट हुन सक्छन् । तर ती प्राय: लोकतान्त्रिक हुँदैनन् । नेपालले यो रिक्तता भर्नुपर्छ- राज्य कार्यसम्पादनमार्फत, सेवा सुधारमार्फत, जवाफदेहितामार्फत । ढिलो भयो भने बाह्य विचारधाराले यो स्थान लिन्छ । त्यसपछि नियन्त्रण गुमाउने राज्यको हातमा केही रहँदैन ।

**कमजोर राज्य र बाह्य अवसरवाद**

दक्षिण एसियामा आन्तरिक कमजोरी सधैं बाह्य अवसरवादको निम्तो बन्छ । बंगलादेशमा आन्तरिक संकटले क्षेत्रीय र वैचारिक शक्तिलाई खेल मैदान दियो । म्यानमारमा चीन, थाइल्यान्ड र भारतले आन्तरिक विद्रोहीहरूसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध राखे । श्रीलंकामा चीन, भारत र आईएमएफले ऋण र सहायतालाई राजनीतिक साधन बनाए । नेपालमा जोखिम फरक स्वरूपको छ- भारत-चीन रणनीतिक प्रतिस्पर्धा, पश्चिमी दाताकेन्द्रित शासन एजेन्डा, एनजीओ प्रभाव र सूचना सञ्चालन । जब घरेलु असन्तुष्टि राष्ट्रिय संस्थाबाट सम्बोधन हुँदैन, तब त्यो भू-राजनीतिक साधन बन्छ । उदाहरणका लागि, यदि नेपालको युवा आन्दोलन संस्थाभित्र समाधान नपाएर सडकमा लामो समय बित्यो भने त्यसलाई कुनै बाह्य शक्तिले आर्थिक, सूचनात्मक वा कूटनीतिक रूपमा समर्थन गर्न सक्छ । त्यसपछि आन्दोलन राष्ट्रिय हित होइन, भू-राजनीतिक प्रतिस्पर्धाको मोहरा बन्छ ।

जब घरेलु असन्तुष्टि राष्ट्रिय संस्थाबाट सम्बोधन हुँदैन, तब त्यो भू-राजनीतिक साधन बन्छ । यसले राज्यको स्वायत्तता व्यवहारमा कमजोर बनाउँछ, चाहे कागजमा सार्वभौमिकता सुरक्षित नै किन नदेखियोस् । नेपालले यो खतरा अहिले नै चिन्नुपर्छ- ढिलो भयो भने म्यानमार र बंगलादेशको भू-राजनीतिक खेलको पुनरावृत्ति नेपालमा हुन सक्छ ।

**प्रतीकात्मक संस्थामाथि आक्रमण**

बंगलादेशमा धर्मनिरपेक्ष मिडिया, सांस्कृतिक प्रतीक र अल्पसंख्यक समुदाय निसानामा परे । म्यानमारमा लोकतान्त्रिक आवाज दमन भयो । श्रीलंकामा राष्ट्रपति भवन आक्रमण भयो । नेपालमा पनि संविधान, गणतन्त्र, न्यायपालिका र सञ्चारमाध्यमलाई 'अभिजात षड्यन्त्र' भन्दै अवैध ठहऱ्याउने भाषा बढ्दै छ । यो शासन क्षयको प्रतीकात्मक चरण हो । जब प्रतीकहरू कमजोर पारिन्छन्, जब संविधान 'विदेशीको उपहार' भनिन्छ, जब न्यायपालिका 'भ्रष्ट' र मिडिया 'पक्षपाती' भनेर खारेज गरिन्छ- तब संवैधानिक विच्छेदको बाटो सजिलो हुन्छ ।

यो प्रक्रिया दक्षिण एसियामा धेरै पटक दोहोरिएको छ । नेपालले यसलाई पहिचान गर्नुपर्छ र रोक्नुपर्छ- ढिलो भयो भने प्रतीक नष्ट भएपछि संस्थागत पुनर्निर्माण पुस्तासम्म लाग्छ ।

**कमजोर सरकार : अस्थिरताको उत्प्रेरक**

बंगलादेशको अन्तरिम सरकारले नैतिक वैधता भए पनि कार्यान्वयन शक्ति गुमायो । नेपालमा दीर्घकालीन गठबन्धन अस्थिरताले 'स्थायी अन्तरिमता' जन्माएको छ- सरकार टिक्छ तर सुधार लागू गर्न वा सडक अनुशासन कायम गर्न सक्दैन ।

यसले एउटा खतरनाक सन्देश दिन्छ- निर्णय लागू हुँदैन, कानुन प्रभावकारी हुँदैन र दबाबमार्फत परिवर्तन सम्भव छ । जब राज्य कमजोर देखिन्छ, सडक बलियो हुन्छ । जब सडक बलियो हुन्छ, संस्थागत व्यवस्था बेकार हुन्छ । नेपालले यो दुश्चक्र तोड्नुपर्छ, ढिलो भयो भने श्रीलंका, म्यानमार र बंगलादेशको बाटो अपरिहार्य हुन सक्छ ।

**नेपालका लागि रणनीतिक अनिवार्यता**

नेपालका लागि सबैभन्दा ठूलो वर्तमान रणनीतिक चुनौती केवल आन्तरिक शासन संकट र लोकतन्त्रको स्वरूप होइन, राज्य क्षमताको पुन:स्थापना हो । कार्यसम्पादन वैधता पुनर्स्थापित गर्नुपर्छ । सुरक्षा, सेवा प्रवाह, रोजगारी र कानुनी पूर्वानुमेयता- यी राज्यका आधारभूत कार्य हुन् । जब यी असफल हुन्छन्, वैधता सडकमा सर्छ । यो दक्षिण एसियाको बदलिँदो शक्ति सन्तुलनसँग गाँसिएको संरचनात्मक चुनौती हो । जब राज्य कमजोर हुन्छ, भू-राजनीति विकल्प होइन, नियति बन्छ । साना र रणनीतिक रूपमा अवस्थित राज्यहरूका लागि आन्तरिक अस्थिरता बाह्य प्रभावको प्रवेशद्वार बन्ने ऐतिहासिक सत्य हो । नेपाल आज त्यही संवेदनशील चरणमा प्रवेश गरिरहेको छ ।

युवा ऊर्जालाई दबाउने होइन, संस्थागत राजनीतितर्फ मोड्नुपर्छ । स्थानीय सरकार, नीति-निर्माण र सार्वजनिक सेवामा युवाको प्रवेश सुनिश्चित नगरेसम्म, युवा असन्तुष्टि दक्षिण एसियाली भू-राजनीतिक प्रतिस्पर्धाको कच्चा पदार्थ बन्नेछ । बंगलादेशले यो सबक सिकायो । नेपालले दोहोऱ्याउनु हुँदैन । समय सीमित छ ।

आन्दोलन राजनीतिलाई अपराधीकरण होइन, सार्वभौमिक र संस्थागत बनाइनुपर्छ । आन्दोलनको नेतृत्व, स्रोत र वैचारिक दिशा राष्ट्रिय ढाँचाभित्र रहनुपर्छ । राज्यले नसुन्दा बाह्य शक्ति बोल्छ र त्यसबेला राष्ट्रिय हित कमजोर हुन्छ ।

र अन्तत:, विश्वसनीय निर्वाचन परिवर्तनको एक मात्र वैध मार्ग हो । निर्वाचनप्रतिको विश्वास कमजोर भयो भने 'सडक भिटो' राजनीति स्थायी विकल्प बन्छ । दक्षिण एसियाको अनुभवले देखाउँछ- निर्वाचनको वैधता गुमेपछि अस्थिरता पुस्तागत बन्छ । नेपाल यो चरणमा पुग्नु हुँदैन ।

**कहाँ फरक छ नेपाल ?**

नेपाल कहाँ फरक छ भन्ने प्रश्न उठे पनि सम्भावना अझै बाँकी छ । के नेपालमा बंगलादेशजस्तै परिदृश्य सम्भव छ त ? कार्यात्मक रूपमा हेर्दा, यदि केही अवस्था एकैसाथ देखा परे भने यस्तो सम्भावना नकार्न सकिँदैन । ती अवस्थाहरूमा दीर्घकालीन शासन पक्षाघात, युवा आन्दोलनको कट्टरपन्थीकरण वा कब्जा, कानुनी परिणामबिनै सडक हिंसाको सामान्यीकरण, निर्वाचनको वैधतामाथि व्यापक प्रश्न उठ्नु र बाह्य शक्तिहरूले जनअसन्तुष्टिलाई आफ्नो हितमा प्रयोग गर्नुपर्दछ । यस सन्दर्भमा बंगलादेशबाट लिनुपर्ने पाठ कूपकेन्द्रित होइन, बरू क्रमिक राजनीतिक र संस्थागत क्षयकेन्द्रित रहेको देखिन्छ ।

नेपालका लोकतान्त्रिक सुरक्षा-भल्भ अझै कायम छन्- प्रतिस्पर्धी निर्वाचन, सेनामाथि नागरिक नियन्त्रण, सशस्त्र वैचारिक मिलिसियाको अभाव र बहुलवादी मिडिया । म्यानमार, बंगलादेश र श्रीलंकाले यी सबै गुमाइसकेका छन् वा गुमाउने संघारमा छन् । यही कारण नेपाल उद्धारयोग्य छ । तर यी सबै क्षयशील सम्पत्ति हुन् । सुधारमा रूपान्तरण भएन भने यी आफैंले स्थायित्व जोगाउँदैनन् । प्रत्येक विलम्बले सुधारको लागत बढाउँछ र विकल्प घटाउँछ । छिमेकीहरूले हामीलाई चेतावनी दिइसकेका छन् । अब प्रश्न छ- के हामी सिक्छौं वा दोहोऱ्याउँछौं ?

**निष्कर्ष**

नेपालको भविष्य कुनै एक आन्दोलन, चुनाव वा गठबन्धनले मात्र तय गर्दैन । दक्षिण एसियाली अनुभवले देखाउँछ- राज्य बलियो भयो भने भू-राजनीति व्यवस्थापन गर्न सकिन्छ । राज्य कमजोर भयो भने भू-राजनीतिले राज्य व्यवस्थापन गर्छ । नेपाल अहिले यही छनोटको मोडमा उभिएको छ । ढिलो हुनुअघि नै सिक्नुपर्छ ।

यस अर्थमा, कार्यसम्पादन वैधता, युवाको संस्थागतकरण, आन्दोलनको राजनीतिक स्वायत्तता र विश्वसनीय निर्वाचन- यी सबै अलग-अलग सुधार होइनन् । यी नेपालको सार्वभौमिकता जोगाउने रणनीतिक स्तम्भहरू हुन् ।

नेपाल बंगलादेश होइन । तर लोकतान्त्रिक थकान, कमजोर राज्य अधिकार र बाह्य अवसरवाद भेटिँदा के हुन्छ भन्ने ऐना बंगलादेश हो । यो भविष्यवाणी होइन, रोकथामका लागि चेतावनी हो ।


***- बिनोद बस्न्यात् (अप्रा उपरथि)***

Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

## एकताको पथ/उमङ्ग जङ्ग पराक्रम शाह

प्रकाशक/सम्पादक- प्रबर्धन साप्ताहिक/अनलाइन

**(कविता)**



न निष्क्रिय न चञ्चल न टाढा न नजिक
म जहाँ उभिएको छु
यो माटो समान समतल छ
लौकिक चाहनाभन्दा निक्कै पृथक।
भूगोल मात्र पनि होइन यो
ढुङ्गा र बालुवाले बनेको
आत्मासँग गाँसिएको सूत्र हो यो
जसले मेरो चलायमान शरीरलाई
हंस-हंस दिन्छ।
त्यसैले त यो
मेरो पाउमुनि होइन,
मेरो शिरमाथि छ।
स्वयं काल सामु पनि नझुकुला
जब यो माटोको तिलक
मेरो निधारमा छ ।

म दुखी, सुखी, पीडित, सम्पन्न अनेक हुँला
तर म जे छु, जो छु
यही माटोमा उभिँदा छु।
म कहाँ थिएँ त्यो मेटेर होइन,
फरक-समानका भेदहरू खोजेर पनि होइन
जब विजयध्वज मेरो चन्द्र-सूर्य फरफराउँछ,
एक रेसा, एक तन्तु उध्रिएको
नसहौँला ।
कसैलाई नछुटाई
काँधमा काँध मिलाई
हरेक लडेकालाई उठाई
मेरो राष्ट्र उठाउँला ।
एकताको पथमा जुटौँला ।

मेरो पुर्खाको रगत र पसिनाले सिँचिँदै गर्दा
टप्-टप् यो माटो बोलेको आवाज
मेरो कानमा गुन्जिरहँदा
लौकिक आवश्यकताहरू गौण छन् मलाई ।
मातृभक्तिको सुर-ताल,
स्वयं महाकाल ताण्डव गर्छन् जसरी,
मेरा रक्ततन्तुहरूमा दौडन्छन् ।
भूत, भविष्य र वर्तमान
एकै बिन्दुमा समेटिँदा
तब मेरो नशा-नशाले भन्छ
आमा ।

त्यसैले त यो
मेरो शिरमाथि छ,
यो भौतिक अवशेषभन्दा निकै पर
मेरो आत्माभित्र छ।
मेरो माटोलाई शिरमा पहिरी
सफलताको शिखर चढौँला ।
प्रतिशोध र द्वेषका जालो पन्छ्याई
एकताको ध्वज ओढौँला ।
मेरो माटोलाई अब उर्वर तुल्याउन
एक म, एक अघि बढ्नुछ ।
तराई, हिमाल, पहाडको एक म ।

*prabardhanweekly@gmail.com*

## चारू
### उत्तम विचार



उनको आफ्नै शिरको ताज सर्माएको हुनुपर्छ
यतिबेला लाज देखेर लाज सर्माएको हुनुपर्छ ।

शान्तिका परेवाहरू उड्नै छाडे क्या अचेल
यस्तो देखी हिम्स्रक बाज सर्माएको हुनुपर्छ ।

अरूलाई भुसुनो बराबर नदेख्नेहरूका पनि
मेल खाएन नजरअन्दाज सर्माएको हुनुपर्छ ।

थोरै मूल्यको ख्याल राख्नुपर्ने हो भुलेपछाडि
स्खलित मान्यताले समाज सर्माएको हुनुपर्छ ।

आफ्नै दैलो बिर्सिएर फोहोर गर्ने घर मुलीको
निच गतिविधिले कामकाज सर्माएको हुनुपर्छ ।

**गजल -**
**रिता खराल देवी श्रीराधा**



**के कुरा गर्छौ तिमी आधार बिनाको**
**युद्ध कहाँ हुन्छ र हतियार बिनाको ।**

**प्राणी बाँच्नलाइ पनि आहार चाहिन्छ**
**कोहीँ बाँच्दैन यहाँ आहार बिनाको ।**

**पक्कै छ सबैलाई कुनै न कुनै भार त**
**महोदय को छ यहाँ भार बिनाको ।**

**दुःखपछिको सुख पो सुख हो आखिर**
**सित्तैमा पाको त के अर्थ सार बिनाको ।**

**ठुलो घर भएर के गर्नु मान्छे नभएपछि**
**घर घर रहदैन महोदय परिवार बिनाको ।**

## मुक्तक : तिमी प्यासी बन्दा म पानी बन्नेछु



तिमी भूकम्प जस्तै छौ बेलाबेला हलाइरहने,
धम्की र घुर्की समय-समयमा चलाइरहने
कहिले ठूलो स्वरमा, कहिले मन्द मुस्कानमा,
जसरी आए नी यो मुटु सधैँ जलाइरहने ।

**- अर्जुन अधिकारी**



अपमान हैन सक्छौ भने माया देउ
पानी छेक्नेछाता घाम छेक्ने छाया देउ
माया ममताले चलेको संसार हो प्यारा
मानव कर्तब्यले सक्छौ त काया देउ ।

**- अमृता रसाइली**



छुआछूत र जातिभेदलाई निषेध गर्नुपर्छ
रूढीवादी परम्परा त्यागी अघि सर्नुपर्छ
कुरीति र कुसंस्कारलाई टाढ़ा फाली हजुर
समानता अनि सुविचारको बीज छर्नुपर्छ ।

**- प्रतिमा ढकाल, असम**



समय कसैको पनि चाहेर प्रतिकुल नहुन सक्छ
खडेरी परेको बेलामा पानीको मुल नहुन सक्छ
पतझडभै बसेको बेला मलाई माफ गर है प्रिय
तिम्रो स्वागत गर्नलाई मसँग फूल नहुन सक्छ।

**- सुचिता काफ्ले**



तिम्रो मन्द मुस्कानले लट्ठ पर्दै गएँ
हेर्दा हेर्दै बेहोस म त बेहोशी छर्दै गएँ
ए हजुर ! होशमा आउने तरखरमै थिएँ
तिमी पुनः मुस्कुरायौ बेहोशमा मर्दै गएँ ।

**- कृष्णबहादुर थापा**



मनोरम प्रकृतीलाई सदैब सम्हालौ सबैले
यो सृष्टिको मुललाई सगालौ सबैले
यसमा अति गौरबपूर्ण गाथा छ
समाहित प्रफुल्लता दिन उचालौ सबैले ।

**- गंगा लिगल**



तिमी राजा बन्दा म रानी बन्नेछु
तिमी ठुलो बन्दा म सानी बन्नेछु
सम्झौता गर्दै बिताउला जुनीजुनी
तिमी प्यासी बन्दा म पानी बन्नेछु ।

**- उषा केसी**



लुकामारी खेलेका ति दिन फर्केको भए
सुन्दर फूलमा अझै सुवास छर्केको भए
जिन्दगी भरि नै अर्को खुसी आउथे होला
मैले नि केही समय उसैको लागी पर्खेको भए।

**- सरस्वती तिवारी**



रोक्नेहरूले थाहै नदिई आँसु रोकेर जान्छन्
पराईले हैन आफन्तले किल्ला ठोकेर जान्छन्
अचम्मको लीला देखिन्छ आधुनिक सहरमा,
बच्चा हिडाउँछन अनि कुकुर बोकेर जान्छन् ।

**- अनुप शर्मा, असम**



हरेक अम्मलपछि अझै अर्को धीत बाँकी हुन्छ
घामले चुम्बन गर्दा फूलसँग शीत बाँकी हुन्छ
जति जति बिझाएर जान्छन् प्रिय मान्छेहरूले
उति उति हृदयमा सुन्दरतम गीत बाँकी हुन्छ

**- राजन शिलवाल**




**पृथ्वीपथ : नेपाल र नेपालीत्वको पथ**





**विष्णु भण्डारी**


## किन बाँच्छ मान्छे, वच्चाको लागि

किन बाँच्छ मान्छे वच्चाको लागि,
आज आएर थाहा भो !
खुशीको मुहान वारेर पनि,
जीन्दगी सँग हारेर पनि,
ईच्छा र चाहा सबै रित्याई
आफ्नै मायाँ मारेर पनि,
पल पलमा मर्दै जीएरै पनि, हरक्षणमा आँशु पिएरै पनी
किन बाँच्छ मान्छे, वच्चाको लागि
आज आएर थाहा भो ।

हजारौं कुरा हुन्छन् यहाँ, मान्छेको अन्तर मनले चाहेको
चाहेको सबै कुरा पनि त कहाँ कस्ले छ र पाएको
भरोसा विस्वास नै टुट्दा पनि,
पिडाले मुटु फुट्दा पनि,
परेर एक्लो, वनेर निरिह ,
भाग्यले सबै लुट्दा पनि
एकमुठी सासमा जीवन भरेर, मर्दिन भन्ने हिम्मत गरेर
किन बाँच्छ मान्छे, वच्चाको लागि
आज आएर थाहा भो ।

जीवनमा सधैं सुख र खुशी होस् भन्ने चाहा सबैलाई हुन्छ
चाहेको सबै मिल्दैन भन्ने, यथार्थ नि थाहा सबैलाई हुन्छ,
हजारौं पिरले थिच्दा पनि,
निराशको पहाडले किच्दा पनि
गरेर धैर्य, पर्खेर जुनी सधैं आँखा मिच्दा पनि,
बोझ र चोटको भारी वोकेर, गह भिजाऊने सागर रोकेर
एकमुठी सासमा जीवन भरेर, मर्दिन भन्ने हिम्मत गरेर
किन बाँच्छ मान्छे वच्चाको लागि
आज आएर थाहा भो ।

## पढ्नेका लागि चित्ताकर्षक पुस्तक






सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




# जेनजी आन्दोलन क्षणिक बिस्फोटमात्र थियो ?

नीतिअनुसार राष्ट्रको नेतृत्व प्रजाका लागि मातापिता, गुरूभाइ, मित्र सबै प्रकारले अभिभावक हो । अभिभावकप्रति असन्तोष भयो भने प्रजाले खबरदारी गर्नसक्छन् । यसरी प्रजाले खबरदारी गर्दा पनि अभिभावकले चरित्र र व्यवहार बदलेन, प्रजाको आस्था कुल्चने काम गर्‍यो भने प्रजाले सत्ताच्यूत गर्न सक्छन् । जो प्रजारञ्जन गर्नसक्छ भन्ने लाग्छ, उसैलाई अभिभावक मान्न सक्छन् । दुष्ट र दुराचारी अभिभावक प्रजाका लागि राक्षससमान हुन्छ । नेपाली राजनीतिमा यो नीति अवज्ञा हुनपुगेको छ ।

हिजो पञ्चायतभन्दा पनि बहुदल प्रजाप्रति निरंकूश हुनपुग्यो । बहुदलपछिको लोकतन्त्रमा अभिभावक झन बढी दुष्ट हुनपुगे । यसैको प्रतिकार हो, जो बहुदल र लोकतान्त्रिक गणतन्त्रका अभिभावक बनेका थिए, तिनको दुष्ट र राक्षसी स्वभावप्रति प्रजाले बिद्रोह गरेको ।

गत भदौ २३-२४ मा जेन-जी पुस्ताले गरेको आन्दोलन, बिद्रोह केवल एउटा क्षणिक असन्तोषको विस्फोट थिएन, त्यो देशको अभिभावक र शासनको राजनीतिक नेतृत्वप्रति उठाएको धारिलो प्रश्न थियो । ती दिनहरूमा सडक, स्कूल, कलेज, विश्वविद्यालयमा जेनजी पुस्ताको आक्रोशको सन्देश थियो- पुरानो कानुनव्यवस्था, सत्ताशक्तिको दुरूपयोग मान्य छैन ।

बहुदलपछिको ३७ वर्ष र लोकतान्त्रिक गणतन्त्रको १७ वर्षका जो नायक थिए, एउटै थिए र तिनीहरूले प्रजाको विश्वास जित्न सकेनन् । प्रजाको नजरमा बिझाए, विश्वास गुमाएकै हो । झट्ट हेर्दा कांग्रेसका सभापति शेरबहादुर देउवा, एमालेका अध्यक्ष केपी ओली, माओवादीका अध्यक्ष (नेकपा) प्रचण्डहरू राजनीतिक ताहुरमाहुर देखाइरहेका छन्, यथार्थमा यी ठूला तीनदल प्रजाका नजरमा चरित्रहीन, नैतिकहीन हुन् । यिनले जितेका छैनन्, यिनको राजनीतिक हार हो, जेनजी आन्दोलन । यी वानप्रस्थ उमेरका नेताहरू राजनीतिका मुखियाको पदमा त छन्, मुखिया बन्न लायक छैनन् भनेर युवाआवाज आँधीझैं सुसाइरहेको छ । यी बुढाहरूसँग न समय छ, न सौर्या, न यिनमा नैतिक शक्ति छ, न प्रजाप्रतिको जवाफदेही स्वभाव । जब समाज बदल्ने राजनीतिलाई स्वार्थपूर्तिको साधन बनाएका छन्, यहींबाट यिनीहरू लोकतन्त्रको गरिमामाथि भाङ्ग्राको धोती भन्ने बुझ्न सकिन्छ । नियतिले यी बुढा नेताहरूलाई दुर्योधन, दुशासन, कर्णको स्थानमा ल्याइदिएको छ, जसले राजनीतिक अधर्म फैलाउने मात्र काम गरे । यिनको राजनीतिक इतिहास भ्रष्टाचारको नाली र जेनजी पुस्ताको रगतले भिजेको छ । यिनीहरू आमाहरूको सरापमात्र हुन्, श्रापित छन् ।

जेनजी पुस्ताले परिवर्तन ल्याएकै हुन्, बुढोपुस्तासँगको युद्ध जितेकै हुन् । जेनजी पुस्ता निर्मल थियो, राजनीतिक अनुभव थिएन । जालझेल थिएन, आफैले सत्ता हाँक्ने आँट पनि गरेनन् । परिवर्तन भएपछि अब भ्रष्टाचारको अन्त्य हुन्छ, सुशासनको सुरूआत हुनेछ । राजनीतिमा जवाफदेहीता कायम हुनेछ । न्यायको सिद्धान्त स्थापित हुनेछ, समानता र योग्यताको कदर हुनेछ, नेपोटिजम समाप्त हुन्छ भन्ने विश्वास थियो । तर साँढे ४ महिनामा जे देखियो, त्यो अर्को निराशा बन्नपुगेको छ । यसकारण प्रश्न उठेको छ- जेनजी आन्दोलन क्षणिक बिस्फोटमात्र हो त ?

# न्यायालय न्यायदाता हो कि अन्याय ?



***सुय्मा सर्वोच्च अदालत थिएन, प्रधान न्यायालय थियो। हरिप्रसाद प्रधानलाई राजा महेन्द्रले प्रधान न्यायाधीश बनाए।***

*तिनै प्रधान न्यायाधीश हरिप्रसाद प्रधानले भनेका थिए :* ***सरकार भनेको चील हो। जनता भनेका कुखुराका चल्ला हुन्। चीलले सधैं कुखुराका चल्ला टिपेर लैजाने गर्छ। खाने गर्छ। अदालत भनेको कुखुराको माऊ हो। माऊले चल्लालाई छोपेर, संरक्षण दिएर बस्छ, चीलबाट सधैं बचाउने गर्छ। चील यपि अन्यायकर्तालाई जवाफ दिनेगर्छ। चल्लाको रक्षाकवच हो अदालत।***




अदालतमा धाउँदा धाउँदा थाकेकाहरू धेरै छन् । न्याय कहिले पाइन्छ भनेर कुर्नेहरू पनि कति छन् कति ?

आखिर न्यायालय छिटोछरितो न्याय सम्पादन गर्न सक्दैन किन ?

कुनै मुद्दामा तत्काल आदेश दिने, निर्णय गर्ने, कति पय मुद्दालाई तारिखमा, हेर्न नमिल्ने, हेर्न नभ्याइने, यो मगाउने र त्यो मगाउने भनेर तारेखमाथि तारेख दिने गरिन्छ । अदालतल झुलाउने र न्याय खोज्ने झुल्नुपर्ने बाध्यता अति भयो भन्ने लाग्दैन न्यायकर्मीलाई ?

न्यायाधीश अपुग भए व्यवस्था गर्नुपर्छ, भएका न्यायाधीशहरूले निर्णय नगरेर पन्छिन खोजेका हुन् भने त्यसको मूल्याङ्कन, अनुगमन हुनुपर्छ । कतिपय मुद्दामा फैसला त्रुटीपूर्ण भएका बिबादहरू पनि उठ्ने गरेका छन् । फैसला ठिक कि बेठिक भनेर खरी घस्ने संयन्त्र पनि हुनुपर्ने हो । आफूलाई अन्याय भयो भन्ने लागेको छ भने जाने अदालत नै हो । अदालतले ढिलाई गर्दा, गलत फैसला गर्दा नागरिकमा पर्नसक्ने प्रभाव र अदालतप्रतिको विश्वासमा ह्रास आउनसक्छ भन्ने हेक्का राख्नैपर्छ ।

न्याय दिने भएकाले नै न्यायालयलार्य मन्दिर भनिएको हो । न्यायालयलाई लोकतन्त्रको मेरूदण्ड मानिन्छ । नेपालमा नागरिक अधिकार संरक्षण र न्यायको प्रत्याभूति हुनपर्छ भन्ने मान्यतामा कमी छैन तर न्याय ढिलो हुने प्रवृत्ति बढी छ । अदालतबाटै नागरिकले पाउनैपर्ने मौलिक अधिकारको उल्लंघन मानिएको छ ।

मान्यता छ, ढिलो न्याय दिनु पनि अन्याय गर्नु हो । न्यायको सिद्धान्त यही हो । नेपालका अदालतहरूमा मुद्दाहरूको चाङ् लाग्नु, प्रकृयागत ढिलाइ हुनु, झुलाउने गरिनुले नागरिकले अपेक्षा गरेभन्दा भिन्न अवस्था हो । यसबाट अदालतप्रति नागरिकमा जुन आस्था र विश्वास छ, त्यसमा धक्का लागेको छ । संविधानमा न्यायमा पहुँच मौलिक अधिकार हो भनेर लेखेरमात्र के गर्नु ? न्याय उपलव्ध हुन्छ तर समयमै न्याय प्रभावकारी रूपमा उपलव्ध भयो कि भएन, महत्वपूर्ण प्रश्न यो हो । व्यवहारमा अदालतप्रति नागरिकले नाक खुम्च्याउनु पर्ने कतिपय घटना घटिरहेका हुन्छन् । थुनामा राख्ने, धरौटीमा छुट्ने, मानवाधिकारको उल्लंघनका विषय, संवैधानिक बिबादमा न्यायालयले व्यवस्थापिकाकै जस्तो आदेश गर्ने, अन्य संवेदनशील विषयमा समेत न्यायालयका फैसलामा कमीकमजोरी अनुभूत गरिएका छन् । न्यायालयमा ढिलासुस्ती सबैभन्दा चिन्ताको विषय बनिसकेको छ ।

संभवत: यिनै कारण पनि हुनसक्छ, गत भदौ २३ र २४ को जेनजी पुस्ताको आन्दोलनमा अदालतमाथि धावा बोलियो, आगजनी गरियो । मुद्दा नयाँ पुराना गरी ४० हजारभन्दा बढी होलान्, अदालतले विचाराधीन अवस्थामा राख्नै नहुने मुद्दा पनि यसमा छन् । यो अवस्थाप्रति न्यायाधीशहरूले चिन्ता गर्नुपर्ने र छिटो फरफारक गराउनु पर्ने हो ।

अदालतले जति ढिलाइ गर्छ, त्यसको दुस्प्रभाव अदालतमाथि नै पर्छ । अदालतप्रतिको नागरिक विश्वासमा धक्का लाग्छ । न्याय छिटो, छरितो र स्वस्च्छ हुन्छ भन्ने दायित्व अदालतकै हो ।

जसरी अस्पतालहरूमा इमरजेन्सी वार्ड हुन्छ, डाक्टरहरू हुन्छन् र तत्काल गर्नुपर्ने उपचारमा खटिन्छन् । त्यस्तै हो अदालत पनि । न्याय माग्न अदालत गएकाहरू पनि बिमार नै हुन् । कसरी छिटो न्याय सम्पादन गर्ने, यो न्यायालयको गुरूत्तर दायित्व हुनुपर्छ ।

जसले गल्ती गर्छ, त्यसलाई अदालतले दण्ड दिन्छ । अदालतका कमी कमजोरी हेर्ने कसले ? अदालतहरूमा मुद्दाका चाङ् थुप्रिदै गएका छन्, त्यो चाङ् सल्टाउने कहिले ? कुनै पनि मुद्दाको किनारा लाग्न निश्चित अवधि नतोकिनु र भनसुन अथवा प्रभाव रहेका मुद्दाहरू छिटो सल्टिनु र अन्य मुद्दाहरूको किनारा नलाग्नु, अदालत भित्रको यो अप्ठेरो विषय हो ।

अदालतभित्र छिटो छरितो प्रवन्ध गर्न किन नसकिएको हो ? यसबारेमा सरकार र अदालतवीच छलफल हुनु जरूरी छ । वर्तमान कालखण्डमा न्याय पाउन मुस्किल छ, लामो समय लाग्ने गरेको छ । न्याय खर्चिलो छ, लामो समय लाग्ने गरेको छ, जसको कारण नागरिक मर्माहत छ ।

हाम्रा न्यायाधीशहरू विश्वका अनेक मुलुकमा भ्रमण गर्छन् । अनुभव लिएर आउँछन् । तर विकसित मुलुकहरूमा न्याय सम्पादन किन छिटो छरितो हुन्छ, न्यायालयप्रति जनविश्वास बढेको देखिन्छ, नेपालमा के के सुधार गर्नुपर्छ भनेर कहिले पनि सोचेको अथवा सरकारलाई सुझाव दिएको देखिदैन । जब प्रधानन्यायाधीश नियुक्त हुन्छन्, सबैले अदालतमा हुने ढिलासुस्ती, भ्रष्टाचार, सेटिङ, लेनदेन हटाउने प्रतिवद्धता जनाउँछन् । अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्की हुन् कि कल्याण श्रेष्ठ अथवा हालका प्रकाशमान सिंह राउत अथवा अन्य सबैले गरेको प्रतिवद्धता अदालतमा देखिएका बिकृतिको सुधार नै हो । तर न्याय सम्पादनमा अझै छरितोपन छैन । न्यायका लागि ढिलाइमा न्यूनिकरण हुनसकेको छैन । विश्वमा न्याय सम्पादनमा जे जस्ता प्रणाली अपनाइएका छन्, नेपालमा किन नअपनाएको होला ?

भारतमा अर्जेन्ट बेञ्च, भ्याकेसन बेञ्च र स्पेसल बेञ्चको व्यवस्था छ । मौलिक हकसँग सम्वद्ध मुद्दाहरू तुरून्त सुनवाई र निर्णय हुने गरेका छन् । ढिलाइ भनेको अन्याय गर्नु हो भन्ने नजीर बसेको छ । नेपालमा फौजदारी, ज्यानमुद्दाका फाइलसमेत वर्षौंदेखि घडीको रालोजसरी हल्लाएर राख्ने गरिएको छ । जसमाथि संगीन आरोप लागेका छन्, तिनीहरू कानुन बनाउने स्थानमा पुगेको, व्यवस्थापिका, कार्यपालिकामा पुगेको र राज्य सञ्चालन गरेका घटना कति छन् कति ? कतिपय घटनामा अदालतको आदेशको सरकारले अवमान्न गरेका घटना पनि प्रशस्तै छन् । नेपालको न्यायालयमा अति राजनीतिकरण हुँदा यी समस्याहरू थपिएका हुन् । न्यायालयलाई राजनीति मुक्त राख्न लोकतान्त्रिक गणतन्त्र हाँक्नेहरू उदासीन भए । जता पनि आफ्नै मान्छे भर्ती गर्नुपर्ने रोगले आखिरमा जेनजी पुस्ताको आन्दोलन, बिद्रोह भयो र धेरै पर्खालहरू भत्काइदियो । अझै पनि राजनीतिमा लाग्नेहरूले, शासक प्रशासकहरूले शिक्षा लिन सकेका छैनन्, जुन दुर्भाग्यजनक हो । बेलायतमा संविधान नै छैन तर परम्परागत मान्यताले चल्दा त्यहाँ लोकलज्जा हुने काम कसैले गर्दैनन् । नैतिकताको महत्व ज्यादा छ । यसकारण लोकले प्रश्न उठाउँदा सरकार ढल्छ, आचरणलाई लोकले नजिकबाट नियाल्ने गरेको छ । नेपालका सन्दर्भमा जति ठूला अपराधी उती जयजयकारका हकदार देखिन्छन् । जबसम्म चरित्र र इमानदारीलाई महत्व दिइदैन, अदालतले त्यस्तो मानक स्थापित गर्दैन, तवसम्म न्याय दुर्लभ नै हुन्छ ।

शीघ्र न्यायको सिद्धान्त, स्वच्छ सुनवाईको पद्धति अदालतले बसाल्न के के गर्नुपर्ने हो ? यसतिर तत्काल सोच्नुपर्छ र सुधार ल्याउनै पर्छ । अदालतका इजलासहरू नियमित चलुन्, फैसला छिटो छिटो होस् । कानुनअनुसार हुन् । फैसला कुर्न वर्षौं नलागोस् । बन्द्रप्रत्यक्षीकरण, घरेलु हिंसा, नागरिक र बालअधिकार, जबर्जस्ती, बेपत्ता, यातना वा तत्काल हुनुपर्ने आदेशका मामिला तत्कालै सल्टियुन् । न्यायालयको उद्देश्य छिटो र स्वच्छ न्याय दिनु हो । यो उद्देश्यलाई राजनीतिकरणका कारण कमजोर बनाइएको छ । नागरिकको अदालत प्रतिको भरोसामा क्षति पुग्नुहुन्न, न्यायालय मन्दिर नै हुनुपर्छ ।

न्यायमा नागरिक पहुँच सर्वसुलभ हुनैपर्छ । अन्यायमा पर्नेको सुनवाई छिटो हुने र निर्णय छिटो पाउने व्यवस्था हुनैपर्छ । यसका लागि के के गर्नुपर्ने हो, यसमा न्यायालयले नै सरकारलाई सुझाव दिनुपर्छ । सरकारले पनि न्यायालयको आवश्यकता परिपूर्ति गर्नुपर्छ । यस्तो व्यवस्था सर्वोच्चदेखि जिल्लासम्म हुनुपर्छ । मुद्दा भनेको वकिल पोस्ने अथवा बिचौलियालाई धनी बनाउने उपाय बन्नुहुन्न । जुन आजकल देखिन्छ ।

सर्वोच्चका नजीर एकातिर, उच्च र जिल्लाका फैसला अर्कोतिर हुने गरेको गुनासो छ । न्यायाधीशको क्षमता, दक्षताको पनि परख हुनुपर्छ । जो योग्य छ, त्यस्ता न्यायाधीशलाई मौका दिनुपर्छ, जो अवसरवादी र चरित्रहीन प्रमाणित भएका छन्, तिनीहरूलाई छुट दिनुहुन्न । शीघ्र सुनवाई, शीघ्र न्याय, यो आवश्यकताअनुसार काम हुनुपर्छ ।

अबेर भइसक्यो, अदालतको काम कारवाहीका बारेमा विशेष न्यायिक छलफल गर्न । आइएनजीओको सुख सुविधाले अदालतभित्र न्याय सम्पादनमा असर गर्छ भन्ने चेत हुनुपर्छ । संसदमा आइएनजीओको खाना, अदालतमा पनि प्रवेशले नकारात्मक असर परेको आवाज सुनिएकै हो । सुधार के भयो ? आमनागरिकले केही पत्तो पाएनन् । अहिले त न्यायाधीशलाई धम्क्याउने कुपरम्परा प्रधानन्यायाधीशबाटै सुन्नमा आयो । सरकारको काम हो, सुरक्षा व्यवस्था चुस्त पार्नैपर्छ, गलत तत्वलाई छाडिनु हुन्न । न्याय प्रशासनले बुझ्नुपर्छ, जब नागरिकले समयमै न्याय पाउँछ, तब अदालतप्रतिको जनविश्वास बढ्छ । अहिलेको जस्तो असरल्ल पाराले नागरिकमा निराशा र अविश्वास बढ्छ । यसैको परिणाम हुनुपर्छ, न्याय खोज्ने डरलाग्दो तरिका जन्मिन पुगेको । जेनजी आन्दोलनलाई पनि यही कसीमा हेर्न र बुझ्न सकिने स्थिति छ ।

यो खतरनाक प्रवृत्ति रोकौं ।

अन्तत: लोकतन्त्रको मजबुती प्रभावकारी न्याय प्रणालीबाट पनि मापन हुन्छ । न्यायमा पहुँच र आपत्कालीन इजलासबीचको सम्बन्ध बुझ्नु आजको आवश्यकता हो । यदि हामी साँच्चै संविधानको मर्म-भावना अनुसार 'कानुनको शासन' स्थापित गर्न चाहन्छौं भने ढिलो न्यायलाई सामान्य मान्ने संस्कृतिको अन्त्य गरी आपत्कालीन इजलासलाई प्रत्येक अदालतको अभिन्न अंग बनाउनैपर्छ । यही बाटोले मात्र अदालतप्रति कमजोर बन्दै गएको जनआस्थालाई पुन: सुदृढ बनाउन सक्छ ।






# विद्रोहले ल्याएको सरकारबाट विद्रोहीहरूको आशा र भरोसा

**नारायणप्रसाद मिश्र**

**विश्लेषण**



बहुदलीय व्यवस्थामा एउटै राजनैतिक सिद्धान्त, नीति, र विचारका व्यक्तिहरू कुनै न कुनै नामको दलको नाममा संगठित भई राष्ट्र सेवा गर्ने महान उद्देश्य र पवित्र भावनाले अग्रसर हुने हुँदा यसलाई उत्कृष्ट प्रजातान्त्रिक पद्धति मानिएको दोखिन्छ। राजनैतिक सिद्धान्तमा यो व्यवस्थामा लाखौ लाख नेता कार्यकर्ताहरू आफूले बिश्वास गरेको नीति बिचारको आधारमा राष्ट्रको बिकास गर्नको निमित्त स्वयम सेवकको रूपमा आआफ्नो औकात कमोजिम तन्, मन्, र धनले सदा लाग्ने कारणले यो एक लोकप्रिय व्यवस्थाको रूपमा धेरै मुलुकले अँगालेको पनि देखिन्छ। हामी कहाँ पनि यही उत्कृष्ट व्यवस्था छ। नेपालले वहुदलीय गणतन्त्रात्मक संविधान अपनाएको पनि करिब दुई दशक हुन लाग्यो। संविधानले आधुनिक लोकतन्त्रसँग सम्बन्धित सबै मौलिक र मानवअधिकार सुनिश्चित गरेको छ। निर्वाचन आयोगमा हालसम्म २४३ राजनीतिक दलहरू दर्ता भएको कुरा प्रकाशित छ। गत आम चुनावको मतको आधारमा जम्मा ७ वटा मात्र राष्ट्रिय राजनैतिक दलहरू संघीय संसदमा रहेका छन्। यो व्यवस्था लागु भएदेखि सरकार र शासनमा रहेका दलहरूले हरक्षेत्रमा मुलुकले बिकास गरेको र जनताको जीवन उकास्न कुनै कसर बाँकी नराखेको दावा गर्ने गरेको कुरा पनि हामी सबैले सुनिआएकै हो।

राजनैतिक सिद्धान्तमा राजनैतिक कार्यकताहरू स्वयम सेवक हुने भए पनि व्यवहारमा यो आदर्श र संस्कार बिल्कुलै नभएको त सबैलाई स्पष्ट छ।

***राष्ट्र सेवा र जनसेवामा समय र परिश्रम लगाउनु भन्दा सबैजसो आफू, आफना समूह आफन्तहरूका लागि मात्र के कुन उपायले राज्यदोहन् गर्ने उपाय र दाउको खोजीमा लागेका देखिन्छन्।***

सतापक्ष जेजस्तो दावा गरेपनि मुलुकको शासन प्रशासन- प्रजातन्त्र, समानता र न्यायको आधारमा नचलेको, जुन दलको सरकार भयो सबै कुरा सोही दल र दलका आसेपासेहरूको लागि मात्र एकलौटी रूपमा प्रयोग भएको, जताततै भ्रष्टाचार भएको र घुस नखुवाई अड्डा अफिसमा सानातिना काम पनि नहुने स्थिति देखापरेको, सत्तापक्षले कानूनको दुरूपयोग गरी राष्ट्रिय धन, जग्गा जमीन सबैतिर लुट्ने गरेको, सरकारी निकायहरू सबै आफनो मुट्ठीमा राखी प्रशासन, प्रहरी र न्याय प्रणाली समेत पङ्गु वनाएको, दलसित सम्बन्ध र सम्पर्कमा नरहेका जनताको हक अधिकार कही नभएको र जनतालाई झनझन हकहिन बनाएको र मुलुकमा जिउन मुस्किल पारेको कुरा बहुसंख्यक जनताले गरिआए।

सारांशमा भनिदा अव्यवस्था, भ्रष्टाचार, नातावाद, कृपावाद, भागवण्डाबादले मुलुक आक्रान्त भएको भन्ने भनाई मुख्यतः रह्यो। देशमा देखा परेका नकली भुटानी शरणार्थी जस्ता ठूल ठूला अनगिन्ति भ्रष्टाचार काण्डहरू, झण्डै झण्डै ७५ लाख सहकारी पीडित र कामको खोजीमा देश बाहिर रहेका झण्डै झण्डै यतिकै संख्याका देशवासीहरूको दुःख, पीडा र आँसुले पनि यो भनाइलाई पुष्टि गरयो। विपक्षमा रहेका बाहेक सरकारमै रहेका बिघटित संघीय संसदमा रहेका नेपाली कांग्रेस पार्टीका केही सांसदहरूले केही मात्रामा यो कुरालाई स्वीकारे र यसमा राम्रो ध्यान दिई सुधार गर्न पर्ने धारणा वेलाबखत राखे। यसमा मुख्यतः चन्द्र भण्डारी, डा. सुनिल शर्मा, कान्छा राम तामाङको नाम अग्रपङ्तिमा देखिन्छ। तर सरकार पक्षले यसमा ध्यान दिनुपर्ने आवश्यकता अहिले पनि देखेनन्।

परिणाम स्वरूप हाम्रै नेताहरूको स्वार्थ र अर्कमण्यताले जनताले धेरै दुध दिने होलस्टिन अथवा जर्शी गाईको रूपमा हेरेको हाम्रो बहुदलीय व्यवस्था कहिल्यै नब्याउने बाँझी गाई जस्तो हुन गयो। यही कारण जेन जीको पुस्ता सडकमा उत्रिए। उनीहरूले कुनै दलको झण्डाका लागि होइन, आफ्नै भविष्यका लागि विद्रोह गरे। यसवाट हुन गएको हानी नोक्सानी सबैलाई स्पष्ट छ। परिणाम स्वरूप विद्रोहीको आवाज र बलको आधारमा देशमा भएको प्रतिनिधि सभा र सरकारको बिघटन हुन गई सम्माननीय प्रधान मन्त्री सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार स्थापना हुन गएको छ। संविधान बाहिरको व्यवस्थावाट निर्मित यो सरकारको स्थापनावाट हाल मुलुकमा रहेको राष्ट्रको संविधान स्वतः निस्कृय भएको कुरा पनि स्वतः स्पष्ट छ।

सुशासन र सुव्यवस्था विद्रोहीहरूको मात्र होइन समस्त जनताको अबिवादित माग देखिन्छ। यसैले यो सरकारले मुलुकमा विद्यमान समस्याहरू राम्रो अध्ययन मनन गरी मुलुकमा सुव्यवस्था र सुशासनको वलियो जग वसाल्ने आशा र भरोसा सबैमा पलाएको भन्नुमा अत्युक्ति हुन पर्दैन। तर सायद कुनै न कुनै अड्चन र बाध्यताले हुनसक्छ, सरकारको ध्यान यतातिर नगई नयाँ चुनाव मात्र गरी बिघटित प्रतिनिधि सभाको ठाउँमा नयाँ प्रतिनिधि सभाको स्थापना गर्ने तर्फमात्र गएको स्पष्ट छ। यसबाट बिद्रोहीहरूको आशा र भरोसा पुरा नभई चुनाब मात्रको लागि मुलुकको धेरै धनराशी व्ययभार हुने देखिन्छ। यसैले मुलुकको समस्या जस्तातस्तै, बिद्रोहीहरूको असन्तोष जस्तातस्तै, जनताले विरोध जनाएको कुशासन र कुव्यवस्था जस्तातस्तै र त्रुटिपूर्ण राजनैतिक र संवैधानिक दोष जस्तातस्तै हुने निश्चित छ। यस्तो हुने हो भने देशमा बिद्यमान प्रतिनिधि सभाको विघटन गर्नु र गरिबीले ग्रस्त देशमा ठूलो मात्रामा धनराशि खर्च गर्नु कुनै पनि हिसाबले औचित्यपूर्ण ठहरिँदैन, किनकि यसबाट कुनै ठोस उपलब्धि हासिल हुँदैन। बरू यसवाट फेरि मुलुकमा अर्को अनिष्ट ल्याउन सक्ने वलियो सम्भावना रहेको अनुभूति हुन्छ।

यसैले मुख्यतः मुलुकमा विद्यमान स्वतन्त्र, निस्पक्ष सरकार, अनि मुलुकको भलो चाहने सबै दल र नेताहरू, सक्कली सत्यवादी इमान्दार नागरिक समाज र समस्त देशका प्रवुद्ध नागरिकहरूले समयमै यसमा ध्यान दिनु पर्ने देखिन्छ। समस्याको पोको गोजीमा राखी पछि पछुताउनु भन्दा केही समय चुनाव गर्ने समय पछि सार्नु अवश्य पनि बुद्धिमानी हुन्छ। अव फेरि कसैले सुशासन र सुव्यवस्था सम्मको लागि रगत बगाउन नपर्ने बातावरणको स्थापना गर्नु जरूर पनि सबैको हितमा हुने हेखिन्छ। कुनै बखत देशको सर्वोच्च न्याय प्रणालीको गरिमामय प्रमुख न्यायमूर्तिको पदमा आसिन भई यथेष्ट (संथेष्ट) अनुभवी र भुक्तभोगी श्रीमती सुशीला कार्की आज देशको वर्तमान सम्माननीय प्रधानमन्त्री हुनुहुन्छ। यसैले मलाई विश्वास छ, मुलुकमा भएको कुशासन, भ्रष्टाचार तथा संविधानका केही त्रुटिपूर्ण प्रावधानहरूले देश र जनतामा पारेका दुःख-कष्टहरू हामीभन्दा धेरै बढी गहिराइमा उहाँ जरूर ज्ञाता हुनुहुन्छ। यसकारण, देश र जनताको हितका लागि आवश्यक कदमहरू चाली देशमा सुशासन र सुव्यवस्था स्थापित गर्न उहाँले आफ्नो सर्वोत्तम प्रयास गर्नुहुने आशा छ।

narayanshanti70@gmail.com

*(लेखक परिचयः एक वरिष्ठ नेपाली नागरिक, त्रिभुवन विश्वविद्यालय सेवा आयोग कार्यालयका निवृत पदाधिकारी, पूर्व प्रमुख, शैक्षिक प्रशासक तथा शिक्षा, राजनीति, सरकार, शासन-प्रशासन र सार्वजनिक सरोकारका मामिलासम्बन्धी नेपाली र अंग्रेजी दुवै भाषामा लेखिएका केही पुस्तक र असंख्य निस्पक्ष लेखहरूका लेखक।)*




**२०६३ पछिको १९ वर्षे शासनका असक्षमहरू, फागुन २१ को चुनावी केन्द्रबिन्दुमा छन्। यसपल्ट यिनलाई जेनजी बिद्रोहले चेतले बिस्थापन गर्ला कि नगर्ला ?**




# यङ्गालको वीरध्वज काट्या पाटी

काजी रणसिंह (बांग्या) बस्न्यातका नाती र सर्दार बखतसिंहका जेठा छोरा काजी वीरध्वज बस्न्यात नेपाली सेनामा सुबेदार पदमा नियुक्त भएर, पदोन्नति हुँदै काजी पद पाएका थिए। यिनी तत्कालिन श्री ५ महाराजाधिराज राजेन्द्रबिक्रम शाहका मनपरेका विश्वासिला मन्त्री थिए। राजा राजेन्द्रबिक्रम शाह र कान्छी महारानी राज्यलक्ष्मीको योजना तथा आदेशमा काजी वीरध्वज बस्न्यातसहितको टोलीले प्रधानमन्त्री जङ्गबहादुर कुंवरको हत्या गर्ने उदेश्यले हनुमानढोका राजदरबार परिसरमा रहेको भण्डारखालमा भोज आयोजना गरेको थियो। यस गुप्त काममा जङ्गबहादुरका आफ्नै साला कर्णेल इन्द्रसिंह टण्डनको पनि मिलेमतो थियो। वि.सं.१९०३ कात्तिक १७ गतेको साँझपख भण्डारखालको बगैंचामा भोज गर्ने स्थलको तय भएको थियो। उक्त भोज सुरू हुनु अगावै प्रधानमन्त्री जङ्गबहादुर कुंवरलाई, राजदरबारमा कार्यरत कान्छी महारानी राज्यलक्ष्मीको सबैभन्दा विस्वासिली सुसारे पुतलीले पण्डित विजयराज पाण्डेमार्फत जानकारी गराइदिएकी थिइन्। आफ्नो हत्याको गुप्त योजना थाहा पाएका जङ्गबहादुरले आफ्ना भाई र विश्वासिला सैनिकलाई हातहतियारले सुसज्जित बनाएर, भण्डारखालतर्फ आइरहेका थिए। भोज आयोजना हुनेस्थलमा गुप्तरूपले स्थान स्थानमा हतियारधारी सैनिकलाई लुकाएर, प्रधानमन्त्री जङ्गबहादुर कुंवरलाई भोजको निमन्त्रणा दिन जङ्गको निवास लगनतर्फ जादै गर्दा, लगनदेखि ओमबहालतर्फको बीचबाटोमा जङ्गबहादुरका सशस्त्र टोलीसँग निशश्त्र अवस्थामा घोडामा चढेका काजी वीरध्वज बस्न्यातको जम्काभेट हुन्छ। जङ्गबहादुर कुंवरसंग त्यससमयमा करिब ३०० जनाको सशस्त्र सैनिक टोली थियो। यता निसश्त्र अवस्थामा निम्ता दिन घोडामा रहेका वीरध्वजलाई बाटोमा भेट्नासाथ जङगबहादुर कुंवरको आदेशमा सुबेदार रणमेहर अधिकारीले काजी वीरध्वज बस्न्यातको टाउको काटेर हत्या गरिदिन्छन्। तत्कालै जङ्गबहादुर कुंवरको सैनिक टोली भण्डारखालको बगैंचामा पुगेर, जङ्गको हत्याका लागि लुकाएर राखिएका सैनिकमाथि धावा बोलेर, २२ जनाभन्दा धेरै सैनिकको हत्या गरिदिन्छन्, १७ भन्दा धेरै सैनिकले भागेर ज्यान बचाउन सफल हुन्छन्।

भण्डारखालमा जङ्गबहादुर कुंवरको हत्या गर्ने गुप्त योजना असफल भएपछि, जङगबहदुर कुंवरले कान्छि महारानी राज्यलक्ष्मीलाई देश निकाला गर्ने निर्णय गरेर, केहिदिन हनुमानढोका राजदरबारबाट राजगुरूको घरमा बन्दि बनाएर राखे। केहिदिनपछि कान्छि महारानीलाई आफ्ना गहना, नीजि सम्पति र केहि ढुकुटीबाट रकम दिएर, श्री ५ राजेन्द्रसहित बनारस, काशी निर्वासित गराइए। त्यसपछि नेपालको राजकीय सत्तामा जङ्गबहादुर कुंवर थप शक्तिशाली भए।

जङगबहादुर कुंवर वि.सं.१९०३ भदौ ३१ गते रातिको कोत पर्वपछि प्रधानमन्त्री र प्रधानसेनापति नियुक्त भएका थिए। नेपालको राजकीय सत्तामा जङगबहादुर कुंवर भाई र विश्वासि सैनिकको सहयोगमा सर्वशक्तिशाली भएर सत्ता कब्जा गर्न सक्छन भन्ने अनुमान धेरैले गरिसकेका थिए। तसर्थ, काजी वीरध्वज बस्न्यातसहितका भारदार र सैनिकले श्री ५ महाराजाधिराज राजेन्द्रबिक्रम शाह, कान्छि महारानी राज्यलक्ष्मी समेतको योजनामा उनको हत्या गर्ने उदेश्यले सोही कार्तिक १७ गते हनुमानढोका राजदरबार परिसरभित्र पर्ने भण्डारखाल बगैंचामा भोज आयोजना गरिएको थियो। दरबारभित्रकै गुप्त सूचनाका आधारमा जङगबहादुरले त्यस गुप्त योजना थाहा पाएर आफ्नो हत्या योजना बनाउने र कार्यान्वयनमा अग्रसर भएका, मुख्य नेतृत्वकर्ता काजी वीरध्वज बस्नेतको हत्या गरिदिएका थिए। नेपालमा १०४ वर्ष राणा शासनका संस्थापक, जङ्गबहादुर कुंवर राणा र उनको एकाधिकारको बिरोध वा बिरूद्ध अग्रसर भएबापत जीवन गुमाउने (हत्या गरिएका) पहिलो नेपाली, काजी वीरध्वज बस्न्यात हुन्।

तर, वि.सं.२०६३ पछिका प्रचण्डपथवाला नेपाल सरकारले गोर्खा बुङकोटका लखन थापा मगरले पहिलो पटक जङ्गबहादुर राणालाई मार्न प्रयास गर्दा उनी मारिएकोले लखन थापा मगरलाई पहिलो सहिद बनाएको छ। लखन थापा मगरले राणा बिरूद्ध गरेको विद्रोह पहिलोपटकको प्रयास शतप्रतिसत हुँदै होइन्। लखन थापा (दोस्रो) जंग बहादुरलाई मार्ने प्रयास गर्नेहरूको सूचीमा करिब ५०औं नम्बरमा पर्छन्। मलाइ कुनै व्यक्ति बिशेषसँग कुनै प्रतिषोध छैन, सहि इतिहास मर्न दिने पाटोमा कदापि हुनेछैन।

काजी वीरध्वज बस्न्यात काटिएको स्थानमा पछि उनका परिवार र आफन्तले पाटी बनाएका थिए। यो पाटी काठमाडौंको लगनटोल नजिकै यङ्गालमा अझै पनि देख्न सकिन्छ। अहिले पनि सो स्थानलाई 'वीरध्वज काट्या पाटी' भनिन्छ।

श्रीपाली वंशका काजी वीरध्वज बस्न्यात भारद्धाज गोत्रीय थिए। उनी काटिएपछि जङ्गबहादुर कुंवर र उनको आदेशमा वीरध्वजका भाइ, सन्तानहरू धेरै काटिए र ज्यान बचाउन सफल परिवारका धेरै सदस्य तथा सन्तानले काठमाडौं छाडेर भागेका थिए। धादिङ, चितवन र तनहुँको दमौली इलाकामा भण्डारखाल पर्वबाट बाँचेर भागेका धेरै बस्न्यातहरूको बसोबास छ। बहादुर सिपाही, जनरल, प्रधानमन्त्री र श्री ३ महाराज जंग बहादुर कुवर राणालाई मार्न प्रयास गर्नेलाई सहिद बनाउने हो भने निर्बिकल्प रूपमा काजी बिरध्वज बस्न्यात नेपालको पहिलो सहिद बन्नुपर्छ, प्रमाणको आधारमा।

# नेपालसहित यो वर्ष कहाँ कहाँ हुँदैछ चुनाव ?

विश्वशक्तिहरू अत्यन्त तनावमा छन्। विश्वयुद्धको जोखिम पनि बढेकै छ। शान्ति, सुशासन, सुरक्षा, प्रजातन्त्र, मानवाधिकार, जलवायु परिवर्तनलागतका अनेक विषयहरू विश्वभरिकै मुद्दा बनेका छन्। सन २०२६ अर्थात् यो वर्ष नेपाल सहित धेरै देशमा चुनाव हुँदैछ। यसवर्षको चुनावले विश्व राजनीतिको हावा तीब्र चल्ने र परिवर्तन ल्याउने विश्लेषकहरूको अनुमान रहेको छ।

**नेपाल**

आगामी फागुन २१ अर्थात मार्च ५ निर्वाचनको मिति हो। गत सेप्टेम्बर ८ र ९ अर्थात भदौ २३ र २४ को जेनजी पुस्ताको आन्दोलन र बिस्फोटपछिको परिवर्तनका मागले यो अन्तरिम सरकार र यो निर्वाचन निम्त्याएको हो। हिंसात्मक आन्दोलनपछि यो निर्वाचन हुनलागेकाले यो निर्वाचनको परिणाम स्थापित दलहरूभन्दा पनि युवाहरू अगाडि आउने अनुमान गरिएको छ। नेपालले परिवर्तन खोजेको छ, परिवर्तनका लागि नयाँ पुस्ताहरू जुर्मुराएका छन्। स्थापित बुढो नेतृत्व आत्तिएको अवस्था पनि देखिन्छ। खासगरी निर्णायक मानिएका मतदाता अर्थात् जनतामा बुढो र पटक पटक चुनाव जितेका नेताहरूप्रतिको विश्वास गुमिसकेको अवस्था छ।

**बंगलादेश**

फेब्रुअरी १२ मा बंगलादेशमा चुनाव हुँदैछ। युवा बिद्रोहपछिको युनुस सरकारले चुनाव गराउने मिति तय गरेको हो। यो चुनाव गत २०२४ अगस्ट ५ मा शेख हसिनाको सरकार अपदस्त भएपछि हुनलागेको हो। हसिना यतिबेला भारतमा निर्वासित छिन्। यो निर्वाचनसँगै प्रस्तावित राजनीतिक र संस्थागत सुधारमाथि जनमत संग्रहसमेत हुने भएकोछ।

अन्तरिम सरकारले शेख हसिनाको पार्टी अवामी लिगका सबै गतिविधिमा प्रतिवन्ध लागेको छ। यो निर्वाचनमा बंगलादेश नेसनलिस्ट पार्टी र हसिनाको पतनपछि उदाएको युवा नेतृत्वको नेशनल सिटिजन पार्टीजस्ता नयाँ नीतिसहितका पार्टीको उदय हुनेछ। बंगलादेशको चुनाव भारत बंगलादेशको सम्बन्ध र दक्षिण एसियामा विश्वशक्तिको प्रभावको उदयका रूपमा पनि हेरिएको छ।

**थाइल्याण्ड**

फेब्रुअरीमा राजतन्त्रतात्मक मुलुक थाइल्याण्डमा चुनाव हुने बताइएको छ। भनिन्छ, क्याम्बोडियाका सिनेट अध्यक्ष हुन सेनसँग डरलाग्दो द्वन्द्वका बेला लिक भएको संवादका कारण पैटोंगटार्न शिनावात्रा पदमुक्त भएपछि यो निर्वाचन हुनलागेको हो।

थाइलेण्डमा प्रगतिशील सुधारवादी पिपुल्स पार्टी शिनावात्रा परिवारको पतनबाट फाइदा उठाउँदै निर्वाचन जित्न उत्साहित रहेको छ। एक सर्भेक्षणले लोकप्रिय रूढीवादी तथा राजतन्त्र समर्थक भूमजाइथाइ पार्टीको सम्भावना देखिरहेका छन्। यो निर्वाचनले आसियानलाई प्रभाव पार्ने हुँदा महत्वको छ।

**अमेरिका**

यतिबेला अमेरिकी राष्ट्रपति ट्रम्पको निर्णयहरूले विश्वयुद्ध हुने हो कि भन्ने आशंका बढेको छ। भेनेज्वेलाका राष्ट्रपतिमाथि कब्जा गरेर आफै राष्ट्रपति भएको घोषणा, इरानमाथि हमला, ग्रिनल्याण्ड किन्नेसम्मका बिबादले विश्व राजनीति परिवर्तनको मोडमा छ।

यसकारण पनि अमेरिकामा ३ नोभेम्बर २०२६ मा हुने मध्यावधि निर्वाचन महत्वपूर्ण मानिएको छ। जुन नोभेम्बर २०२४ मा डोनाल्ड ट्रम्पले डेमोक्रेट राष्ट्रपति उम्मेदवार कमला ह्यारिसलाई हराएको २ दुई वर्षपछि हुदैछ। प्रतिनिधिसभा र सिनेट दुबैमा बिजयी ट्रम्पका लागि यो निर्वाचन अत्यन्त महत्वपूर्ण मानिएको छ। यो निर्वाचन हारेमा ट्रम्पमाथि महाभियोगसमेत लाग्नेसक्ने कुरा रहेको छ। प्यु रिसर्च सेन्टरले गरेको सर्वेक्षणले जनमत ट्रम्पको लोकप्रियता खस्केको देखाएको छ। यसैवीच डेमोक्रेट पार्टीले न्यु जर्सी र भर्जिनियाका गभर्नर निर्वाचन तथा न्युयोर्कको मेयर निर्वाचनमा जितेको छ र अमेरिका परिवर्तनतिर उन्मुख भएको अनुमान गरिएकोछ।

**ब्राजिल**

यही वर्ष ब्राजिलमा चुनाव हुनेछ। ब्राजिलियामा ८० वर्षीय राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले अक्टोबर २०२६ मा पुनः निर्वाचन लड्ने घोषणा गरेर अर्को आश्चर्यको माहोल बनाएका छन्। यो उनको चौथो कार्यकाल हुनेछ। ब्राजिलमा उनका प्रतिद्वन्द्वी पूर्वराष्ट्रपतिका छोरा जाइर बोल्सोनारोका जेठा छोरा रहेका छन्। यतिबेला उनी कू प्रयासमा संलग्न भएको अभियोगमा जेलमा छन्।

**इजरायल**

इजरायलमा अक्टोबर २०२६ मा निर्वाचन हुनेछ। हमाससँगको युद्धपछिको यो निर्वाचन बेहद चर्चामा छ। प्रधानमन्त्री बेन्जामिन नेतन्याहु भ्रष्टाचारको आरोप खेपिरहेका छन्। उनीसँग युरोपीय साझेदार र आन्तरिक अलोकप्रियताको कहरले उनलाई छाडेको छैन। एक सर्भेक्षणअनुसार नेतान्याहुले लोकप्रियता गुमाइसकेका छन्।

**हंगेरी**

हंगेरीमा पनि अप्रिलमा चुनाव हुँदैछ। विश्वव्यापी परिवर्तनका सन्दर्भमा २०१० देखि सत्तामा रहेका प्रधानमन्त्री भिक्टर ओरबानले यो चुनावमा कडा प्रतिस्पर्धा गर्नुपर्नेछ। रिपोर्टहरू भन्छन्- भिक्टरको फिडेज पार्टी हाल जनमत सर्वेक्षणमा तिस्जे पार्टीभन्दा धेरै कमजोर देखिन्छ।


**कोलम्बिया**

मई महिनामा चुनाव हुनेछ। अमेरिकासँगको तनावका कारण सत्ताधारीलाई खतरा छ। लागुऔषध मुख्य मुद्दा हुनेछ। ***- डा.विनिता***

# Time for a Democratic Reset: Why the Election Commission Must Act Now - Restoring Democratic Guardrails in Nepal's Missing Middle Corridor

## Anchoring the Middle Corridor by Sending Parties Back to the Drawing Board

- Dr. Alok K. Bohara -




**Prelude**

Nepal's democratic journey has been shaped by lived extremes—centralized one-party rule on one end, and recurring fears of fragmentation and instability on the other. Since 1990, the challenge has never been merely to hold elections, but to keep democracy anchored in the middle, where authority is exercised with restraint and public voice is meaningfully reflected and represented through political parties. This balance depends on institutions—designed by public representatives, including political parties—but governed by rules that bind everyone equally: the state, the parties, and society itself. When these rules are respected, a stable state emerges that serves citizens fairly. This essay follows an earlier diagnosis of the Election Commission's institutional failure and asks a harder question: how its long-standing abdication of gatekeeping allowed party machinery to overpower and take over key aspects of the state, its institutions, and society—blurring the line between state and society—and pushing Nepal away from its democratic middle corridor.

As Nepal watches a major political party fracture in real time, it is tempting to read the moment purely through the lens of personalities, factions, or immediate outcomes. But what is unfolding is better understood as a symptom of a deeper institutional failure—one that has been building quietly for years.

**A Word on the Middle Path**

Democracy does not survive on harmony. It survives on a managed tension between the state and society. It may sound contradictory, but this is what a healthy democracy is about: public representatives make the rules, while society retains the space to challenge and adjust them over time. Political parties play an intermediary role in this process—carrying public voice into the state, shaping reforms and refinements, and helping design institutions that are meant to serve everyone fairly, including the parties themselves.

The state seeks order, authority, and stability. Society seeks voice, rights, and accountability. When this tension is held in balance, democracy stays on its middle path. When it is not, systems slide toward extremes. Parties are meant to fine-tune this tension—between the state and society, and sometimes even between society and the parties themselves—without collapsing the distinction between them.

Institutions exist precisely to manage these tensions. When they function properly, they act as guardrails—preventing the state from becoming despotic, and preventing society from fragmenting into disorder or mob rule. Democracy lives in this narrow space between the two.

**Nepal understands both extremes from lived experience.**

Before 1990, we experienced one end of the spectrum: a centralized, one-party monarchical system where power was tightly controlled and political competition suppressed. On the other end, we have repeatedly faced fears of fragmentation—periodic calls for regional or ethnic separation whenever the center appears weak, unresponsive, or captured. Even today, many quietly fear that prolonged chaos could invite either an unruly strong executive or, in the worst case, a military "solution," or even something worse.

These are not abstract fears. They are memories shaped by our own history.

When the state becomes too powerful, democracy drifts toward despotism. When society becomes fragmented and unruly, the state responds with coercion and force. In both cases, liberties shrink, economies suffer, and instability becomes the norm. Around the world, such imbalances have led to military coups, authoritarian regimes, economic collapse, refugee crises, and civil wars.

Political economists Daron Acemoglu and James A. Robinson describe this constant balancing act between the state and society as the Red Queen dynamic. Stripped of academic language, the idea is simple: democracy survives not by eliminating tension, but by containing it through capable and impartial institutions. When those institutions retreat or are captured, the balance breaks and the system spins out of control.

**So where does Nepal stand today¿**

Ironically, Nepal's political parties have transgressed into the state mechanism itself. Instead of remaining agents of change on behalf of the people, they have placed themselves above institutions by capturing state machinery and using it to serve party members and benefactors. In doing so, the distinction between the state and political parties has blurred.

The uncomfortable truth is that this balance has been slipping for years. Parties and the state gradually became one and the same, leaving the public without an effective counterweight. This slow capture of the state apparatus was enabled by the Election Commission's failure to enforce its constitutional duty—to rein parties back within the democratic fold and preserve the middle path.

**A Voice from the Ground**

"In the country's current unstable political environment, ordinary citizens are confused. When they go to vote, what should they give importance to—the party, the party's ideology, the personality of the party chair, the person named as the future prime minister, or the party's senior leaders¿ In nation-building, the prime minister plays the most important role. Therefore, who becomes prime minister after the election is a serious matter. For development, leadership capacity is essential—clarity of direction, the courage to reform, the ability to decide in uncertainty, and moral authority.

Today, many individuals aspiring to become prime minister—from both old and new parties—are openly discussed in the media. If any impartial body or institution examined whether they actually possess these qualities, it would make it easier for voters to decide."

This confusion is not a failure of voters, but a symptom of an electoral system that no longer provides clear institutional guidance.

**How the Balance Was Hijacked**

Nepal's problem today is not a classic state-versus-society struggle, as it was during the pre-1990 democratic movement against monarchical rule. This is not society resisting an authoritarian state.

Instead, it is political parties exploiting constitutional loopholes to capture the state and its institutions—leaving society without impartial protectors such as the Election Commission, the judiciary, law enforcement, or anti-graft bodies.

Nepal's parties went further. They seeded conflict across society by building dense cadre networks at the bottom while concentrating loyalty and privilege at the top. From water committees to school boards, forest user groups to colleges, nursing, journalism, and the bureaucracy—everything became fragmented along party lines. Society was no longer plural; it was partitioned.

The party modus operandi was simple: divide citizens so that no unified, credible pushback could emerge from below. We all recognize the symptoms—musical-chair prime ministerships, a proliferation of scandals, and, increasingly, the steady exodus of young people.

This strategy worked—until it didn't.

**From Institutional Drift to Open Breakdown**

That long-simmering institutional failure is no longer abstract; it is now playing out openly within the political parties themselves.

The current turmoil within parties only reinforces why the Election Commission's inaction over the years has mattered so deeply. The Nepali Congress's internal party convention is now in deep disarray. The established faction wants to defer it until after the election, while a new crop of leaders—citing their party constitution and legally acquired signatures—is demanding a convention before the election, with fresh leadership and a renewed mandate. The two factions are imploding in full public view.

This is precisely where the constitution assigns an obligation to impartial arbiters to intervene, especially when such provisions are clearly spelled out in the Election Commission's mandate.

Likewise, the prime minister—who should have been held accountable after the September events—has instead moved to consolidate control within his party by sidelining emerging younger leadership. These are not isolated leadership failures; they are predictable outcomes of a system in which internal party democracy was never meaningfully enforced.

In the absence of a credible referee, Nepal's political arena increasingly resembles a soccer match without one—rules exist on paper, but no one is willing, or empowered, to enforce them.

The Election Commission's failure—or unwillingness—to implement an electronic voting system for the millions of Nepali citizens in the diaspora, who dutifully pay taxes back home and help keep the national economy afloat through their work abroad, is another telling example of why the institution requires serious reform.

**When the System Turned on Itself**

A vast majority of youths, particularly Gen-Z, began to see the system for what it was: murky, exclusionary, and brittle—like a house of cards.

September 8 marked a tragic turning point, when innocent youths were killed by a coalition government unable—or unwilling—to read the moment. What followed on September 9—the widespread destruction across the country—may not have been centrally orchestrated. It looked more like political tribes turning on one another, the inevitable outcome of three decades of cadre-based fragmentation.

Ongoing investigations will, of course, uncover much-needed truth behind these events.

The anecdote shared by Gagan Thapa—of his house being attacked by a high-level member of a major party close to its leadership—is illustrative. When politics becomes tribalized all the way down, violence no longer requires ideology; it only needs identity. There are many other such examples.

The reflex response has been predictable. Analysts rushed to blame foreign hands and shadowy conspiracies. But a more honest starting point lies closer to home. A hard self-reflection on party machinery—their incentives, operations, militant culture, and internal pathologies—offers far more explanatory power than external scapegoats. In any case, rushing to preconceived judgments is premature.

**The Missed Constitutional Gatekeeper**

So where do we go from here¿

Nepal does not lack capable professionals, credible leaders, or socially aware citizens. What it lacks is access. The old guard has functioned as a gatekeeper, blocking entry into meaningful political leadership.

One institution was constitutionally empowered to prevent this capture—and failed.

**That institution is the Election Commission.**

As I have repeatedly argued that the Article 269 of the Constitution provides clear democratic rules for political parties. Yet the recent candidacy debacle makes clear that the Election Commission has repeatedly shirked its duty to enforce those rules. For example, the seven-day concession for candidacy list "refinement" was not reform; it was an admission of institutional retreat. Their silence on the NC party's constitutional provision about the legitimacy of the special convention only adds fuel to the fire. Simply put, for years, the Commission failed to help map Nepal's democratic middle corridor.

**What a Democratic Reset Actually Requires**

This moment calls for seriousness, not symbolism.

Politics is less about good actors versus bad actors than about the limits institutions set. Behavior is shaped and tested by those limits. Just look at how even new political hopefuls quickly suspend their stated ethos when operating under weak oversight and loose rules. Ethics are only as strong as the guardrails they operate within.

Nepal's democracy does not need another ritual performed on paper. It needs institutional discipline restored—so that parties once again compete for public trust rather than capture the state.

Nepal's Red Queen does not need celebration. It needs restraint.

That restraint can only come from institutions willing to enforce the rules already written into the constitution and shackle the party leviathan. Only then can Nepal move from paper democracy toward liberal democracy—back onto the middle corridor where state and society can once again run, not collapse, together.

*Dr. Alok K. Bohara, Emeritus Professor of Economics at the University of New Mexico, writes as an independent observer of Nepal's democratic evolution through the lens of complexity and emergence science. His systems-policy essays on Nepal's socio-economic and political landscape appear on Nepal Unplugged.*



Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# वीपी र जहाज अपहरणको चर्चा



*इतिहासका राजनीतिक घटनाक्रम..*

समाजवादी चिन्तक राममनोहर लोहियाजस्ता विद्वानसँग बीपीको उठबस थियो । बीपी अन्तर्राष्ट्रिय जगत्ले मानेको नेता हुनुहुन्थ्यो । त्यसैले भारतबाट राजनीति गरेको भए पनि प्रधानमन्त्री बन्न सक्ने हैसियत राख्नुहुन्थ्यो । तर, देश सानो होस् वा ठूलो, मातृभूमि भनेको मातृभूमि नै हो । त्यसैले भारतमा राजनीतिको अवसर हुँदा हुँदै उहाँ नेपाल जानुभयो । त्यहाँ पहिले राणा, त्यसपछि दरबार र अन्त्यमा भारतबाट पनि पेलानमा पर्नुभयो । तर पनि उहाले रत्तिभर कसैसँग रिस-राग राख्नुभएन । प्रजातन्त्रका लागि लडिरहनुभयो ।

बीपीसूग मेरो पहिलो भेट ०२७ सालमा सारनाथमा भएको थियो । त्यतिबेला उहाँ नेपालबाट निर्वासित भएर भारत आइसक्नुभएको थियो । पहिलो भेटमै उहाँले आफूसँग एउटै डाइनिङ टेबलमा खाना खान प्रस्ताव गर्नुभयो । नेपाली दौरा-सुरूवालमा चिट्टक्क पर्नुभएको बीपीको आकांक्षा गजब थियो । खाइरहेको बेला उहाँले कूटनीतिक कुरा गर्नुभयो, "तिम्रो अनुहार हेरेर थाहा भइसक्यो, असल मान्छे छौ भनेर । गिरिजाले भनेको काम गर्नू । तर, गरेको काम नभन्नू ।"

मैले ०११ सालदेखि गिरिजाबाबुसँग काम गरें । जहाज अपहरणमा मात्र होइन, नेपाली कांग्रेसले गरेका थुप्रै अपरेसनमा गिरिजाबाबुको गाडी म हाँकें । बीपी र गिरिजाबाबुमा आकाश जमिनको फरक थियो । गिरिजाबाबु पूरै 'डिस्ट्रक्टिभ माइन्ड'का मान्छे, उपयोग गरेर मान्छे छाडिदिने । तर, बीपी त्यसको ठ्याक्कै उल्टो । एकपल्ट भेटेको मान्छे, कामै नलाग्ने किन नहोस्, बिर्सदै नबिर्सने ।

बीपी नेपालमा जेल परेका बेला भारतमा दुई दिग्गज समाजवादी नेता जेपी र लोहिया फुटे । सम्भवतः उहाँ बाहिर हुनुभएको भए समन्वयकारी भूमिका खेल्न सक्नुहुन्थ्यो । किनभने, त्यो गुण बीपीमा प्रचुर थियो । ०१५ सालको निर्वाचन लड्दा उहाँलाई युवराज सिंह "मालाकार", लखनलाल कपुरलगायतका थुप्रै भारतीयले सहयोग गरेका थिए । बीपीको विक्षेयमा दरबारले सधैं एउटै हत्कण्डा अपनायो, फुटाउ र राज गर । यसै कारण मातृकाप्रसाद कोइराला तीनपल्ट प्रधानमन्त्री हुनुभयो ।

जयप्रकाश नारायणको 'सम्पूर्ण क्रान्ति'ताका बीपीसँग पुनः पटनामा भेट्ने अवसर जुर्यो । त्यतिबेला उहा निकै खटिनुभएको थियो । विमान अपहरण काण्डमा म, सुशील कोइराला, चक्र बास्तोला, रामबहादुर श्रेष्ठ, हरि सिंह (ड्राइभर), मनोहरि बराल र गोविन्द पोखरेल पूर्णिया जेलमा थियौं । हामीलाई हेर्न बीपी, गणेशमान सिंह, गिरिजाबाबु र नोना कोइराला आउनुभयो ।

जनमतसंग्रहभन्दा अगाडि म काठमाडौं पनि एएं । त्यतिबेला विमान अपहरणका कारण टिकट हुदा हुँदै पनि मलगायत विनोद अर्याल र वसन्त भट्टराईलाई स्थानीय प्रहरीले पटनाबाट काठमाडौं उड्न रोक लगायो । पछि सर्जु मिश्रा, जो त्यतिबेला सासंद हुनुहुन्थ्यो, लाई भनेर उड्यौं । म सुन्धारास्थित विपिन लजमा बस्थें । त्यति बेला बीपीले भन्नुभएको थियो, 'धेरै नघुमनु अहिले पनि संकट छ ।" उहाँले कुनै विदेशी पत्रकारले अन्तर्वार्ता लिन खोज्यो भने नदिन पनि भन्नुभएको थियो । मैले भारतमा जति इज्जत कमाएको छु, त्यो सबै बीपीको देन हो । उहाँको क्षमता नै अद्भुत थियो, कम बोल्ने तर चोटिलो बोल्ने । अनि, सहयोगी बानी पनि ।

(विमान अपहरण काण्डका सहयोगी) विसं ००८ मा बीपी कोइराला गृहमन्त्री थिए । कसले चुक्ली लगाइदिएछ, बाहिर उपद्रव मच्चाउने भरतशमशेर हो भनेर । मलाई त एक्कासी लगेर थुने । मेरा समर्थकको पनि त्यति बेला कमी थिएन । आफैं पनि ८-१० जनालाई त गर्नदनथे । जेल फोडेर बाहिर निकाले । उनीहरूलाई लागेछ, यसमा बीपीको ठूलो हात छ । उनको ज्यानै लिने भनेर गएछन् । एक जनालाई बीपी भनेर बाहिरै ल्याए । धन्न त्यो घटनामा बीपी बाँचे । पछि उनलाई थाहा भयो, यसमा मेरो कुनै हात छैन ।

यसै वर्ष राजनीतिले कोल्टे फेर्यो । विद्यार्थी आन्दोलनमा गोली चल्दा चिनियाँकाजीको निधन भयो । बीपीले नैतिकताका आधारमा राजीनामा गरेपछि मोहनशमशेर राणाको सरकार ढल्यो । यसबीच यति धेरै चलखेल बढ्यो । दरबारले मातृकाप्रसाद कोइरालालाई प्रधानमन्त्री बनायो । यो घटनाले बीपी खुसी थिएनन् । म पनि राजाविरोधी थिएँ । हामी दुवैको कुरा मिल्यो ।

०११ सालमा त्रिभुवनको निधनपछि राजा भए, महेन्द्र । उनले पनि आफ्नो बाबुजस्तै राजनीतिक प्रयोगलाई हत्कण्डा बनाए । चुनाव गराउने त परको कुरा, एकपछि अर्को गर्दै धमाधम प्रधानमन्त्री पो बनाउन थाले । यसैबीच ०१५ सालमा चुनाव हुने निश्चित भयो । म त्यतिबेला आफ्नै पार्टी गोर्खा परिषद्मा सक्रिय थिएँ । सुवर्णशमशेर राणे सबैभन्दा धेरै तीन ठाउँबाट उठेका थिए । उनी कुनै पनि चुनावी क्षेत्रमा नखटीकनै तीन ठाउँबाटै निर्वाचित भए । मैले नुवाकोटबाट मज्जाले जितें । मेरो पार्टीले १९ सिट जित्यो । कांग्रेसपछि दोस्रो ठूलो दल भयो ।

कांग्रेसले दुईतिहाइ बहुमत ल्यायो । महेन्द्रले नचाहँदा नचाहँदै पनि बीपी प्रधानमन्त्री भए, म विपक्षी दलको नेता । त्यतिबेला राजाको विरोधमा कसको बोल्ने आँट, म फेरि सानैदेखि बोल्न नडराउने राजाका विरूद्धमा केही बोल्नुपर्यो भने एउटा जुक्ति लगाउँथे । र, भन्थे, 'हेर्नुस् यस्तो नियम छ । राजाका विरूद्ध बोल्नु हुँदैन ।" अनि राजालाई गाली गर्थे ।

त्यति बेला ऋषिकेश शाह र तुलसी गिरीसूग मेरो खुब दोस्ती थियो । उनीहरू त्यतिबेलादेखि नै लुसुक्क राजालाई भेट्थे र कुरा लाउँथे । म उनीहरूलाई गाली गर्थे । तर, मैले जति नै गाली गरे पनि मेरो चुक्ली भने लगाएनन् । ०१७ सालमा राजा महेन्द्रले 'कू" गर्ने दिनको अघिल्लो रात म र बेनीबहादुर कार्की दिल्ली जाँदै थियौं । तर, दरबारबाट चिट्ठी आयो, राजाले भोलि दर्शन दिने, कतै नजानू । दुई-तीन दिनदेखि नै 'सिग्नल' राम्रो सुनिएको थिएन । मलाई लाग्यो, दालमा केही कालो छ । बिहान ५ बजे बीपीकहाँ पुगें र खेलो भइरहेको बताएं । सदनमा बीपीसँग अनेकौं कुरामा विवाद हुन्थ्यो । तर, उनीसूग दुइटा कुरामा मेरो सहमति थियो, पहिलो- देशमा प्रजातन्त्र हुनुपर्छ र दोस्रो- सक्रिय राजतन्त्रविरूद्ध एकजुट हुनैपर्छ ।

दिउँसो बबरमहलस्थित आफ्नै निवासमा बसिरहेको थिएँ । मलाई पक्राउ गर्न भरतकेशर सिंह, जो पछि राजा वीरेन्द्रका शाही पार्श्ववर्ती पनि भए, आए । मैले उनलाई दरबारबाट आएको चिट्ठी देखाएँ- यी राजाले भेट्न बोलाएका छन् भनेर । तर, जतिभन्दा पनि छोड्नेन् । पछि, राजाले नै बोलाए । ३ बजे दौडिएर राजाकहाँ पुगे । राजाले भने, 'तिमीहरू राजनीतिक मान्छे, मेरो कदमको समर्थन गर्छौ कि गर्दैनौ ?" अब राजाका अगाडि मैले के बोल्ने ? केही बोल्यो भने जेल हालिदेलान् ? भने, 'राजनीति गरेको नै झण्डा हल्लाउन हो, सरकारबाट निगाह हुन्छ भने ।"

बीपीलगायत त्यतिबेला मन्त्रिपरिषद्मा भएका (सुवर्ण शमशेरलाई छोडेर) सबै पक्राउ परे । म भने एक्लो प्रतिपक्षी नेताका रूपमा ६ महिना जेल बसें । त्यसपछि राजालाई सघाउने सर्तमा मलाई पनि छोडियो । म किन नेपाल बस्थें, पहिलेदेखि नै राजसंस्था मन नपर्ने, कोलकाता भागें ।

कोलकातामा सुवर्णशमशेर सक्रिय राजतन्त्रविरूद्ध आन्दोलनको तयारीमा थिए । म त्यहाँ पुगेपछि उनलाई हलुको महसुस भएछ । त्यसैले पिथौरागढदेखि पूर्वसम्म भारत-नेपाल सीमा क्षेत्र पूरै हेर्ने जिम्मेवारी दिए । त्यो आन्दोलनमा भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूको समर्थन थियो । म कांग्रेसको क्रान्तिमा पहिलोपल्ट होमिएको थिएँ । तर, नेहरूको निधनपछि सुवर्ण राजासँग गएर मिले । त्यसपछि मलाई सुवर्णसूग बसिरहन मन लागेन । र, मेरो झुकाव बीपीतिर बढ्यो । जसको नतिजा यस्तो भयो, मलाई भारत सरकारले कोलकातामै नजरबन्दमा राख्यो ।

०२५ सालमा बीपी निर्वासित जीवन बिताउन फेरि भारत आए । त्यसपछि हाम्रो सम्बन्धको गाँठो यस्तो बन्यो, उनलाई मैले आफ्नो नेता स्वीकारें, जो अहिलेसम्म रत्तिभर कम भएको छैन । बीपी कोलकाता आउँदा मेरो घरमा आउँथे । उनीसँग भारतीय समाजवादी नेता जयप्रकाश नारायण र चन्द्रशेखर धेरैपल्ट भेट्न आइरहे ।

बीपी भारत आएपछि नेपाली कांग्रेसले फेरि सशस्त्र युद्ध गर्ने घोषणा गर्यो । तर, त्यसका लागि हतियार किन्न हामीसँग पैसा थिएन । बीपी अन्तर्राष्ट्रिय समाजवादीहरूको सम्मेलनमा भाग लिन स्वीट्जरल्याण्ड जाँदै थिए । मैले उनलाई 'ब्ल्याङक चेक" दिएको थिएं । विचरा बीपीलाई चेकबाट पैसा कसरी निकाल्ने, त्यो पनि थाहा थिएन ।

जहाज अपहरणपछि जब नेपालले भारतीय सरकारलाई दबाब दियो, गुप्तचर संस्था 'रअ"का प्रमुख काओ बीपीकहाँ पैसा फिर्ता गरिदिन भन्न आएका थिए । त्यसको बदलामा त्यति नै रकम उपलब्ध गराइदिने पनि उनको प्रस्ताव थियो । तर, बीपीले यो प्रस्ताव ठाडै अस्वीकार गरे । बीपी आफ्नो विवेकमा मात्र हिंड्थे, कसैले भनेर कहा मान्ने हो र ।

बीपीको राष्ट्रिय मेलमिलापको विषयमा नेपालमा जसलाई जे मन लाग्यो, त्यही व्याख्या गरेर हिंड्छन् । मलाई अचम्म लाग्छ । पटनामा बीपी र म बसेर बनाएको ड्राफ्ट हो त्यो । त्यसमा कहाँ राजासँग मिल्ने कुरा छ ?

बीपी नेपाल फर्किएपछि यति चाँडो राजनीतिक उथलपुथल भयो कि राजालाई जनमतसंग्रहको घोषणा गर्न कर लाग्यो । जनमतसंग्रहको प्रचारका लागि म पनि काठमाडौं लागें ।

# पार्टी संगठन नेताको बपौति हुँदैन



**सुरेशकुमार पाण्डे**

नेपाली कांग्रेस किन फुट्यो र उनीहरूको फुटले कसलाई फाइदा पुग्ला ? भविष्य आफैं बोल्ने छ । तर यसले दिएको सन्देश सकारात्मक छ । कुनैपनि राजनैतिक पार्टी कसैको बपौति (प्याउते) हुँदैन । नीजि सम्पत्ती बनाउन खोजेपछि त्यहाँ विद्रोह हुनसक्छ, भयो ।

गगन थापा र विश्वप्रकाश कति देशभक्त छन् वा विदेशीको हितमा काम गर्नेछन् त्यसबारेमा अहिले नै भन्नु ठिक नहोला । उनीहरूको बारेमा विगतमा थुप्रै टिकाटिप्पणी त भएकै छन् । खास गरेर जेन्जी विद्रोह पछि जनआक्रोसको सिकार देउपा दम्पती भएका थिए । त्यसको लगत्तै गगन थापा समूहले विशेष महाधिवेशनको माग गर्दै आएका थिए । जुन आवाज संस्थापनले सुनेन । नेतृत्व सक्षम, निष्पक्ष र निस्कलङ्क हुनुपर्छ । राष्ट्रियता र जनताको हितमा अग्रसर र भिजन भएका व्यक्तीको हातमा हुनुपर्छ । त्यो तन्नेरी होस् वा बुढा, त्यसले कुनै अर्थ राख्दैन । कांग्रेसमा यही अभाव देखिएकोले विद्रोह भएको हो ।

नेतृत्व हस्तान्तरण र पुस्तान्तरणका लागि शेरबहादुर स्वयमको प्रयास हुनुपर्दथ्यो । त्यसोगरेको भए पार्टी फुट्नबाट जोगिने थियो । पार्टीको विधान अनुसार करिब ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले हस्ताक्षर गरेर विशेष अधिवेशनको माग गरेको थियो । विधानअनुसार अनदेखा गर्नुहुँदैनथ्यो ।

विशेष महाधिवेशन सकिएपछि गगन थापा र विश्वप्रकाशमाथि संस्थापन पक्षले ५ वर्ष पार्टीबाट निकाला गर्ने निर्णय गर्नपुग्यो । जुन अतिवाद नै थियो । गुट र फुट, विधिको माग र नेतृत्व हस्तान्तरण र पुस्तान्तरण कैयौं दलहरूमा देखिएको रोग छ । पार्टी सकियोस्, नेतृत्वमा पुगेकाहरू पद छाड्न मान्देनन् । बुझ्नै पर्ने कुरा पार्टी बिभिन्न व्यक्ति कार्यकर्ता र जनताको सहयोगबाट चलेको हुन्छ ।

पदमा बसेका नेताहरूमा एउटा भ्रम के हुन्छ भने यो पार्टी मेरो प्याउते हो, कार्यकर्ता मेरा रैती हुन । मैले जता मोडेपनि पार्टीलाई सबैले सहयोग दिनुपर्छ । मेरो बिचार अब्बल छ । मैले गरेको गलती अरूले ढाक्नुपर्छ र अरूले गलती गर्नुहुँदैन । यही भ्रमले भएका निर्णय कार्यन्वय हुँदैनन् । पार्टीले समाज परिवर्तनको दायित्व बिर्सन पुग्छ । परिणाम बेलबखतमा पार्टी भित्र बिष्फोट आउने गरेका हुन्छन् । यो विद्रोहले सबैखाले पार्टीका शिर्ष नेताहरू सचेत हुनुपर्ने सन्देश दिएको छ ।

देशको राणाकालीन अवस्थामा संघर्षको बिडा थामेको पहिलो प्रजातान्त्रिक शक्ति भनेको नेपाली कांग्रेसनै हो । तर समयनुसार पार्टी कहिले भारतको नजिक कहिले शामन्ती दरबारको नजिक झुक्दै आएको छ ।

नेपाली काग्रेसको झण्डै ८ दशकको इतिहास छ । बीपी कोइरालाबाट २००३ साल अश्विन १६ गते अर्थात २ अक्टोबर सन् १९४६ मा भारतको पटनाबाट प्रकाशित हुने **द सर्च लाइट** पत्रिका मार्फत भारतमा रहेका नेपालीहरूलाई संगठित गर्ने उदेश्यले नेपालको अखिल भारतीय संगठन निर्माणका निमित्त गरेको आह्वानबाट यसको जन्म भएको भनिन्छ । यो कार्य भारतिय नेता जयप्रकाश नारायण र राम मनोहर लोहियाको सहयोगमा भएको थियो । नेपालीहरूले भारतको राष्ट्रवादी आन्दोलनमा सहयोग पुराएकोले भारतिय नेताहरू पनि नेपालमा राणा विरोधी आन्दोलन प्रति सहयोगी देखिन्थे । बनारसमा बस्ने नेपालीलाई संगठित गरी बीपीका पिता कृष्णप्रसाद कोइराला तथा समकालीन देवीप्रसाद सापकोटाको सभापतित्वमा यसको स्थापना भयो । त्यो बेला भारतमा अंग्रेजी हुकुमत र नेपालमा राणाको निरंकुश शासन व्यवस्था थियो ।

पछि राणाहरूले भारतीय अंग्रेजहरूको इसारामा कृष्णप्रसाद कोइरालालाई राम मनोहर लोहिया लगायतका नेताहरूलाई लुकाएको आरोपमा जेल भित्र थुनेका थिए । कोइराला परिवारको प्रजान्त्रमा ठूलो योगदान पनि छ । नेपाली कांग्रेसले सशस्त्र क्रान्तिको सञ्चालन गर्ने सम्मको आँट राखेको राजनैतिक पार्टी पनि हो ।

समयक्रममा कांग्रेस कोइरालाहरूको पारिवारिक पार्टी जस्तै हुँदै आयो । उनीहरूले भारतकै हितमा कार्यगर्दै पनि आए । वि.स. २०१५सालको पहिलो निर्वाचनमा उनीहरूको सरकार पनि बन्यो । २०१७ पुष १ को घटना भए पनि बीपीले राजतन्त्र र प्रजातन्त्रको लाइन त्यागेनन् । उनीहरूले भारतको सहयोगमा पद लिने र राजतन्त्रलाई प्रहार गर्ने कार्यपनि गर्दै आए । गुट र फुट कांग्रेसको दीर्घरोग हो । दाजुभाइ बीपी र मातृकाले पार्टी फुटाएका थिए, देउवा र गिरिजा फुटे, अहिले देउवा र गगनहरूले पार्टी फुटाएका छन् ।

गगन थापा नेतृत्वको कांग्रेस पुष २७ देखि ३० गतेसम्म राजधानीमा विशेष महाधिवेशन सम्पन्न गरेर फुटेको हो । निर्वाचन आयोगले मान्यता यसैलाई दिइसकेको छ । देउवाको संस्थापन पक्षको बेहाल अवस्था भयो ।

स्वयम शेरबहादुर पक्षले गगन थापा सँग हामी एक हौं भन्ने दिन आउन पनि सक्छ । गगन समूह यही चाहन्छ । देउवा समूह घमण्ड त्यागेनन् बाध्यतामा पुगिसकेका छन् । कांग्रेसभित्रको विद्रोहको सफलतापछि आफूलाई पार्टीको मालिक सम्झिनेहरूमा चेत खुल्न जरूरी छ । अब विवेकको बिर्को खुलेको देखिन्छ, राजनीति धर्मा हुन्छ, राजनीति समाज बदल्ने औजार हो भन्ने मान्यता स्थापित हुने आशा गर्न सकिन्छ ।

# बृद्ध हुनु पापजस्तै किन मानिन्छ ?



**देवी काफ्ले**

किन आजका छोराछोरी बृहत परिवार रूचाउदैनन् ? किन छोराछोरी परिवारबाट टाढिन चाहान्छन् ?

आजकल हरेकजसो घरमा बुढाबुढीहरू मात्र हुन्छन् । गाउँको घरमा बाआमा, शहरको घरमा छोराबुहारी अनि विदेशमा नातीनातिनीहरू । जतिजति परिवार चोइटिएर देश विदेश छितरिए त्यसरी नै सम्बन्धहरू चोइटिएका छन् ।

आज कसकसलाई मिसाएर परिवार भन्ने ?। बिहे पश्चात छोरा बुहारी बाबुआमाको संसर्गमा रहनै चाहन्नन् । बुहारी भन्छिन्- मेरो परिवार मेरो लोग्ने र मेरा जन्मदाता अनि आफुले जन्माएका सन्तान मात्रै हुन् । उता छोरी भन्छिन्- हामीमात्र परिवार हो बुडाबुडी त के गन्नु ? छोरा हैं मा हैं मिलाउँछ ।ज्वाई हैं मा हैं मिलाउँछन् ।

बाबुआमा गाउँमा असरल छन् । तल बेंसीमा कोही हिंडेको देख्यो कि मेरै होलान् भनेर हातले पाली हालेर एकोहोरो हेर्छन् । छायाँ पर्छ हराउँछ । छोराबुहारीको शहरको घरमा बाआमा अटाउने कोठा छैन । कहिलेकाहीं गैहाल्यो भने पाखे, लाउन खान नजान्ने भनेर बचन लाउँछन् । अनि लोग्ने स्वास्नीको खटपट शुरू हुन्छ । परिवारमा कलह बढ्छ ।

आखिर को को मिलेर बन्छ त परिवार ?

आज गाउँ रित्ता मात्रै छैनन् शहरका पनि अधिकांश घरहरू बृद्धाश्रम जस्तै छन् । छोराबुहारी, छोरीज्वाई सबै विदेश । यता घरमा बाआमा मात्र । कहिलेकाहि बुबाआमालाई बिदेश घुमाउन लगिहाले पनि त्यही महाभारतको युद्ध चल्छ । अझ भनुँ भने त केही काम नपरेसम्म त बाआमा बोलाउँदा पनि बोलाउँदैनन् । भन्छन् प्राइभेसी हुँदैन, किन आउनु पर्यो तिम्रा बाआमा ? जति टाढा उति सम्बन्धको पर्खाल छ ।

गाउँले हुन् वा शहरिया मातापिता बिनाको सृष्टि उदय हुँदैन । सन्तानको माया संसारकै धनी वर्गलाई होस् या संसारकै गरीब होस् बराबरी नै लाग्छ । यो माया आजकल अलिक फरक तरीकाले व्याख्यित छ । दाजुले भाईलाई गर्ने माया, भाउजुले देवरलाई गर्ने माया, भाइले दाजुलाई गर्ने सम्मान, देवरानीले जेठानीलाई गर्ने आदर सबै झुठा भए । दाजुभाई, दिदीबहिनीको प्रेम सबैमा खडेरीले रूख्याएको खेतमा धाँजा फाटेसरी धाँजा फाटेका छन् । आखिर किन तिक्तता बढेको ?

दाजुभाईको प्रगतिमा खुशी मनाउनुको साटो ईर्ष्याले डेरा जमाएको छ । बाआमा प्रतिको मायामा किन तराजु उचालिन्छ ? सोचनीय विषय होइन र ? छोराछोरीको खुशीमा देखाएको सहृदयतालाई किन स्वार्थको नजरले व्याख्या गरिन्छ ?

बृहत परिवारमा सामाजिकीकरण हुन्थ्यो । सहयोगको भावना हुन्थ्यो । मिलीजुली बस्ने बाँडीचुँडी खाने एककिसिमको नियमै हुन्थ्यो । मायाममता असाध्यै प्रगाढ हुन्थ्यो । आत्मीयता हुन्थ्यो । जब एकल परिवारमा रमाउन थालियो सबै कुरा लोप हुँदै गएको छ ।

कतै पारिवारीक मिलनलाई छिन्नभिन्न पार्ने हामी नै त हैनौं ? यो प्रश्न ४० देखी ६० उमेर समूहका मानिसहरूमा गडेको हुनुपर्छ । यो पुस्ता अलि धेरै परिवारबाट एक्लिनेमा पर्छ ।

विज्ञान र प्रविधिको युगमा त हाम्रा सन्तान पुग्दैछन् । त्यसको प्रयोग नजान्दा कतै छोराछोरी टाढा बनाउन हाम्रै व्यावहारले त सहयोग गरेन ? छोराछोरी बिदेश पलायन हुनुपर्ने बाध्यता देखाएर हामी संस्कारबाट टाढिदै छौं ।

हाम्रा अग्रजहरू जीउँदो इतिहासका धरोहर हुन् । उनीहरूले देखेभोगेका कुराहरू नवपुस्तालाई मार्गदर्शन हुन्छ । पुस्तान्तरण भैआएका रितीरिवाज, चालचलन, संस्कारहरूमा सुधार ल्याउनु फरक पाटो हो । नयाँ कुराहरूको खोज अनुकरणीय विषय हो तर बुढो पुस्तालाई पुरै बहिष्कार गर्नु गलत संस्कार हो । हामीले कहिले बुझ्ने र कसरी बुझाउने ? के हामी यतातिर प्रयासरत छौं त ?

विकसित मुलुकहरूमा बृद्धबृद्धाहरू एक्लै बस्छन् आफ्नो काम आफै गर्छन् र अब शरीरको पूर्जा अति नै कमजोर भएको महसुस गरे भने ओल्डेज होमहरू जो अति नै ब्यवस्थित गरी बनाइएका र चलाइएका हुन्छन् । त्यहाँ पुग्छन् । छोराछोरीलाई कमाएर सम्पत्ति दिनु पर्दैन । त्यै सम्पत्ति आफूहरू माथि नै खर्चिन पाउँछन् । हामीकहाँ ठीक यसको बिपरीत सिस्टम हुनुले होला बृद्धहरू हेलाँको पात्र बनेका छन् । आज कति बाआमाहरू सडकको बासमा कठीन दिन काटेका छन् । घरपरिवार हुँदाहुँदै पनि आश्रममा आश्रय लिन बाध्यछन् ।

अक्सर ६० को दशक पार गरेपछि बृद्धबृद्धामा गनिन्छौं । शरीरले साथ छोड्छ । कमजोर होइन्छ । रोगहरूले क्रमागत रूपमा आक्रमण गर्दै जान्छ । न दम रहन्छ न दम्भ । कमजोर भएपछि पारिवारीक हेलाँ सुरू हुन्छ । आजको ब्यस्त जीवन, बढ्दो शहरीकरण, विदेश पलायन, प्रविधिको युग, एकल परिवारको धारणा यिनै कारण होलान् बृद्धहरू एक्लो र सकसको जीवन यापन गर्न परिबन्धित छन् ।

बृद्धाश्रम बुढाबुढीको गन्तब्य बनाउनमा हाम्रो आफ्नै ब्यावहार प्रमुख बनाएको स्विकार्न चाहन्नौं हामी । आज घरमा छोराछोरी छैनन् । भएकामा पनि परिवारप्रति प्रेमभाव छैन । आखिर किन छोराछोरीहरू एकलकाटे हुँदैछन् ? प्रश्नहरू हजार छन् तर जवाफ कहाँ, कोसँग खोज्ने ?

हुन त समयसँगै आएको परिवर्तन होला । तर पनि मान्छेको जीवन चक्र जस्तै हो । हिजो हामी जन्मिंदा बाआमाको संरक्षणमा थियौं, भोली बृद्धावस्थामा छोराछोरीको संरक्षणमा रहन पाइयोस् । पारिवारीक मिलन भैरहोस् । मायाममता नघटोस् । सकेसम्म बृद्धावस्थामा बृद्धाश्रम जानु नपरोस् ।

पो.ब.नं. काठमाडौं ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४

मंगलबार Tuesday
२०८२ माघ ६, Jan. 20, 2026





अन्तिम पातो - शाश्वत शर्मा

# शेरबहादुर देउवाको भ्रम

कांग्रेसको फूटले राजनीतिक माहोल गर्माएको छ । हेर्दा पुरानो र नयाँ पुस्ता देखिएता पनि भित्री रूपमा बाह्यशक्तिको द्वन्द्व हो भन्ने निष्कर्ष धेरैको छ । देउवालाई अहंमा राखिराख्ने र गगन थापा र विश्वप्रकाशलाई समर्थन दिलाउने काम उसैले गऱ्यो, जसले जेनजी आन्दोलनलाई हिंसात्मक साँचोमा ढाल्यो भन्ने छ । जेहोस्, कांग्रेस फुट्यो, गगन समूहले निर्वाचन आयोगबाट आधिकारिकता पनि पायो । हुनसक्छ वालेन साहलाई यही शक्ति प्रधानमन्त्रीमा देख्न चाहन्छ अथवा उसलाई सुर्त्याएर झापा ५ मा केपी ओलीसँग चुनाव हराएर गगन थापालाई प्रधानमन्त्रीमा देख्न चाहन्छ । वश्लेषक भन्छन्- रवि लामिछाने, वालेन्द्र साहसहितको रास्वपालाई बहुमत दिलाएर सत्ता र शक्तिमा पुऱ्याइने सम्भावना बढी छ । कांग्रेस सभापति शेरबहादुर देउवासँग लपक्कै रहेका विनोद चौधरी, गगन र विश्वप्रकाशसँग खुलेर लाग्नासाथ बिद्रोही पलडा भारी भएको थियो । पश्चिम र दक्षिण एउटै खेमामा उभिएपछि गगन समूहको विशेष अधिवेशन सफल हुने र मान्यता पाउने निश्चित्त नै थियो । अब प्रश्न छ, भर्खर महाधिवेशन टुङ्ग्याएर केपी ओली बा को ठाउँमा बिराजमान भएपछि त्यसभित्र विदेशी प्रमू कसरी खेल्छन्, यो रोचक पक्ष हो । भनिन्छ, पुराना र टेष्टेड र प्रयोगहीन भइसकेकाहरू तिनका सेनालाई राजनीतिको कुनामा कसिङ्गर बनाएर पन्छाउनु नै यो उठापटकको निष्कर्ष हो ।

एउटा दृश्य ओलीसँग पार्टी छ, अर्को दृश्य शेरबहादुर देउवासँग पार्टी छैन । रूख, चारतारे झण्डा र सानेपाको पार्टी कार्यालय गगनपक्षको कब्जामा पुग्यो, यसको कारण बाहिर देखाउँदा आराजु राणा, प्रकाशशरण महत, विमलेन्द्र निधि, प्रकाशमान सिंह, शशांक कोइराला, रमेश लेखक, शेखर कोइराला आदिलार्य देखाए पनि भित्री रूपमा विदेशी प्रभुहरूको रणनीतिक परिदृश्य मानिएको छ । जेनजी आन्दोलनपछि विशेष महाधिवेशनको बिउ रोपियो, संस्थापन देउवा पक्षले नियमित महाधिवेशन गर्ने निर्णय समेत गर्न सकेन । अबको दृश्य भनेको पुराना बृद्ध नेताहरूलार्य बिश्राम दिने र नयाँ नेताहरूलाई मौका दिएर रणनीतिका बाहक बनाउने । बिना हिंसा र उग्र नाराबाजीकै भरमा शेरबहादुरको कांग्रेस र सानेपा दरवार गगन समूहले बैधानिक कब्जा गरेका छन् । शेरबहादुर देउवा मण्डली घरका न घाटका हुनपुगेका छन् । देउवापत्नी देखि नेताहरू दिल्ली धाउँदै लाइन खोजिरहे, यता गगन समूहले विशेष महाधिवेशन सम्पन्न गरिदिए । दिल्ली दौडले देउवा खेमा पुरै दिल्लीको भरमा रहेको बुझिन्थ्यो पनि

गगन र विश्वप्रकाशले आश्चर्यपूर्ण तरिकाले देउवाको पार्टीसत्ता उल्ट्याइदिए । अब प्रतिरोध गरे पनि त्यो निरर्थक हुनेछ । देउवा समूह गगन समूहसँग मिल्नुको बिकल्प छैन । स्वार्थका लागि रङ् बदल्न माहिर यो समूहको चरित्र नै स्वार्थ हो । नेपालीको स्वभावै सत्ता र शक्तिको पूजा गर्ने हो । जो देउवाका आरती उतार्थे, तिनीहरू आधीआधीजस्तो गगन समूहको छेउछाउ पुगिसकेका छन् । देउवाका उपसभापति पूर्णबहादुर खड्काले राजनीतिक, कानुनी लडाई लड्ने र देशव्यापी आन्दोलनको धमास दिनु व्यर्थ छ । आफूलाई वीपीका सच्चा अनुयायी भन्ने र वीपीको नीतिलाई कहिले माओवादी, कहिले एमालेमा बिसर्जन गर्ने शेरबहादुर देउवा अब के गर्लान्, आठौंपल्ट चुनाव लड्लान कि नलड्लान्, निश्चित छैन । देउवा ती पात्र हुन्, जसले गिरिजाविरूद्ध पार्टी फुटाए र पछि तिनै गिरिजासँग हातेमालो गर्न पुगेका थिए । यसपल्ट पनि देउवाले ३ महिना बैठक गरेर पनि नियमित कि विशेष अधिवेशन गर्ने भनेर निर्णय गर्न नसक्दा र आफ्नै पार्टीको बिधान विपरित वैशाखमा नियमित अधिवेशन गर्ने भनेर परसार्दा देउवाको यो कन्तबिजोग हुनपुगेको हो । भृकुटी मण्डपमा विशेष महाधिवेशन हुँदै गर्दा सहभागी भएको भए, दुबै महामन्त्री घरमै आउँदा बहुमतको प्रस्ताव मानिदिएको भए, आज यसरी राजनीतिक मृत्यु बेहोर्न पर्ने थिएन । एमालेका केपी ओलीले संसद पुनर्स्थापना भए वा नभए चुनाव जितेर तपाई नै प्रधानमन्त्री भनेर गुलियो चटाइदिंदा देउवाको बालहठ उनकै लागि ओल्लो किनार न पल्लो तीर हुनपुग्यो । नेपाली नेता आफ्ना खुट्टामा टेक्ने नेता थिएनन्, होइनन् । अबको पालो गगन, रकि बालेनहरूको आएको छ । यिनले पनि आफ्ना खुट्टामा टेकेर उभिन्छन् भन्ने विश्वास कमै छ । किनकि घटनाक्रम रहस्यमय रूपमा घटित हुँदैछन् । यिनल आफ्नै खुट्टामा उभिएर वीपीनीतिमा बल दिन्छन् कि विदेशी इसारा कुर्छन्, त्यो महत्वपूर्ण हुनेछ ।

# रवि बालेनको एकता कति भरपर्दो ?





रूसा थापा

चुनावका माध्यमबाट सरकारमा पुग्न र देशको अवस्था सुधार्न कम्मर कसेर अघि बढेका छन्- रवि लामिछाने र वालेन साह । यो जोडीमा कुलमान घिसिङ पनि १२ दिन सहभागी भए, टिक्न सकेनन् र अलग भए । त्यसपछि संशय उठेको हो- यो जोडी कति चिरस्थायी होला ? चुनावसम्म हो कि ?

नेपाली राजनीतिको केन्द्रमा छन् रवि लामिछाने र वालेन साह । सकारात्मक, नकारात्मक दुवै थरिका चर्चा समाजमा व्याप्त छन् । रविमाथिका विदेश र स्वदेशका मुद्दा, सरकारले फिर्ता लिएको मुद्दा र पुन: सर्वोच्चमा पुगेका रिट तथा वालेनमाथि सिंहदरवार जलाएको, सेटिङमा गरिएको जेनजी आन्दोलन र विदेशी शक्तिको रणनीतिका बारेमा समेत समाजमा चर्चा व्याप्त छ । राजनीतिक र कूटनीतिक बृत्तसमेत यिनै दुईको बारेमा छलफल चलेको सुनिन्छ ।

मुख्य सवाल- सहकारी ठगीबारे के हुन्छ ? सहकारी पीडितले न्याय पाउलान् कि नपाउलान् ? सहकारी ठगहरूलाई दण्ड होला कि नहोला ?

गत भदौ २३ र २४ गतेको जेनजी पुस्ताको आन्दोलनमा भएको व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका खरानी भएको बारेमा ठूला दल, नेता र सुरक्षा निकाय मौन छ, जुन रहस्यमय हो ।

माओवादीले ०५२ फागुन १ गते जनयुद्ध सुरू गरेपछि मारिने डरमा ०५६ सालमा रवि अमेरिकातिर लागेका थिए । ०६६ सालमा नेपाली नागरिकता त्यागेर अमेरिकाको ग्रिन कार्ड लिएका रवि अनेक काण्डमा फसेकाले ०७१ मा नेपाल फर्केर पत्रकारिता गरे र ०७९ असारमा आफ्नै पार्टी खोले । ४ महिनाकै अवधिमा राष्ट्रिय पार्टी बनाउन सफलता हासिल गरेका व्यक्ति हुन् । 'जनतासँग सिधाकुरा' नामक कार्यक्रममार्फत सफलता हासिल गरेका रविले सहकारी ठगीदेखि अनेक धन्दा चलाएको भनिन्छ । उनका मालिक थिए- जीवी राई । राई मलेसियातिर छन्, रविमाथि सहकारी ठगी, सम्पत्ति सुद्धिकरण, फौजदारी मुद्दा लागेको थियो । जेनजी सरकारले उनलाई सहकारी ठगी बाहेकका मुद्दाबाट बरी गरेको छ, यसबारे सर्वोच्चको फैसला आउन बाँकी छ । तर चुनाव लड्न र सरकार बनाउने मार्ग भने खोल्न तत्काललाई सफलता हासिल गरेको देखिन्छ ।

नेपालमा एकले अर्कोलाई आरोप लगाउने परम्परा पुरानै हो । रविमाथिमात्र होइन, वालेनमाथि समेत अमेरिकी इसारामा काम गर्ने आरोप लगाइने गरेको छ । यथार्थ के हो, कोही बोल्दैनन् । यतिमात्र होइन, हालै दुई टुक्रा भएको र नेपाली कांग्रेसको हकदार भएको सभापति गगन थापा र उपसभापति विश्वप्रकाश समेत अमेरिकी लाइनमा काम गर्ने व्यक्ति भनेर डामिएका छन् । लोकतन्त्र असफल भयो, लोकतन्त्र सफल पार्छु भन्ने रास्वपाका हर्ताकर्ता रवि, वालेन र कांग्रेसका सभापति, उपसभापति बनेका गगन र विश्वप्रकाशलाई कति सफलता मिल्छ, यिनले सुशासन कति कायम गर्न सक्षम हुनेछन्, त्यसका लागि केही समय प्रतिक्षा गर्नैपर्छ ।

भ्रम के हो, सत्य के हो, यसको परीक्षा सुरू भइसकेको छ । तथापि चुनाव हुन्छ र भन्ने संशय अझै बाँकी छ ।

अचम्मको दृश्य के छ भने झापा ५ बाट बालेन साह चुनाव उठ्ने तैयारीमा जुटेका छन् । यो क्षेत्र एमाले अध्यक्ष केपी ओलीको सुरक्षित क्षेत्र मानिन्छ । पूर्व प्रम ओली र काठमाडौंका मेयर बालेन साहको चुनावी प्रतिस्पर्धा भयो भने यो सर्वाधिक चर्चामा हुनेछ ।

वालेन साहलाई रास्वपाले भावी प्रधानमन्त्री भनेर चुनावी माहोल तताइरहेको छ । वालेन साह तराईवासी हुन् र इतिहासमै तराईवासी प्रधानमन्त्री भएका छैनन् ।

रवि लामिछानेलाई इसाई भन्नेहरू पनि छन्, यद्यपि रास्वपाको चुनाव चिन्ह घण्टी राखिएको छ । ०७९ को चुनावमा हामी सरकारमा जाँदैनौं भनेर चुनाव लडेका रवि लामिछाने गृहमन्त्री नै बने । यसकारण पनि रास्वपा पनि सत्तालोलुप पार्टी हो भन्ने आक्षेप लागेको छ ।

३२ दिनमै रवि लामिछाने अनागरिक भन्ने रहस्य खुलेपछि पदबाट बाहिरिए, पार्टी सभापति पद गुमाए । त्यसपछि सहकारी ठगीदेखि अनेक मुद्दामा फस्न पुगे । उनले जितेको चितवन २ मा भएको ०८० वैशाखको चुनावमा रविले फेरि चुनाव जिते । फेरि गृहमन्त्री बनेका थिए । सहकारी ठगीको मुद्दामा उनलाई ५ जिल्लामा फसाइयो, फसे । उनी जेल चलान भए, उनलाई धरौटीमा रिहा हुन लामो समय कुर्नुपऱ्यो । बुद्धिजीवीहरूले रवि लामिछानेसँग राजनीतिक प्रतिषोध साधेको अनुभूति गरियो । अदालतले फैसला भन्दा पनि मुद्दा लम्ब्याउने काम गरिरह्यो । रवि लामिछाने ठग हुन् कि होइनन्, फौजदारी अभियोगमा दण्डित हुनुपर्ने हो कि होइन, यसबारे पनि मुद्दा विचाराधीन नै छ । अदालतले कुनै मुद्दालाई तत्कालै फैसला दिने र कतिपय मुद्दामा राजनीतिक प्रभावमा परेर वर्षौं लम्ब्याउने गरेको भनिन्छ ।

पुरानाले देश र जनतालाई लुट्नुसम्म लुटे । रास्वपा केबल देश र जनता लुट्न आएको हो कि राजनीतिलाई समाज परिवर्तन गर्ने माध्यम बनाएको हो ? रवि टोली सेवा गर्न आएको हो कि मेवा खान ? अहिले रवि लामिछाने झण्डै ४ करोड धरौटीमा रिहा भएका हुन् ।

रविले सफाइ पाइसकेका छैनन् । भ्रम छरेर स्वार्थपूर्ति गर्न पल्केकाहरूको असली रूप अझै पनि जनताले नबुझे पीडा झनै बढ्नेछ । रास्वपाका प्रतिस्पर्धीहरू भन्छन्- वालेन र रविको लोकप्रियता घट्दो छ । तर जेनजी पुस्ताको ठूलो जमात यिनलाई रोलमोडल मान्छ, मानिरहेको देखिन्छ । यसको मूख्य कारण बहुदलदेखि गणतन्त्रसम्म हाँक्ने नेताहरूको असक्षमता, नेपोटिजम, नेपोवेविइजम, राजनीतिक अपराधिकरणका कारणले भएको विश्लेषकहरू भन्छन् । अब परीक्षा मतदाताको विवेकको हुनेछ । चुनावमा सही नेतृत्व चयन गर्न सके राहत, नभए आहत बेहोर्नुपर्नेछ । मतदातामा चेत रहोस् । thaparusha80@gmail.com


## मतदान गर्ने अधिकारको प्रयोग गरौं ।

- लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं ।
- मतदानको समयमा विवेकको प्रयोग गरौं ।
- मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं ।
- जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं ।
- निर्वाचनको माध्यमबाट शासन व्यस्थालाई वैधता प्रदान गरौं ।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं ।
- सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबरदारी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# आधा गणतन्त्र, आधा साम्राज्य दीर्घजीवी हुन्न

सन् १९०० को राष्ट्रपतीय निर्वाचनमा डिमोक्रेटिक पार्टीले घोषणा गरेको थियो, 'कुनै पनि राष्ट्र आधा गणतन्त्र र आधा साम्राज्य भएर दीर्घजीवी हुन सक्दैन । हामी अमेरिकी जनतालाई सजग गराउन चाहन्छौं, अन्यत्र फैलाइएको साम्राज्यवादले देशलाई द्रुत गतिमा र अनिवार्यत: तानासाही र निरङ्कुशतातर्फ धकेल्छ ।' अन्तत: प्रत्यक्ष उपनिवेशवादको स्थान अनौपचारिक साम्राज्यले लियो र सर्वदा गम्भीर रूपले त्रुटिपूर्ण अमेरिकी लोकतन्त्र टिकिरह्यो ।

सवा शताब्दीअघि डिमोक्रेटिक पार्टीले दिएको चेतावनीलाई आज कसले अतिरञ्जना ठानेर खारेज गर्ला ? देशबाहिर जे हुन्छ, देशभित्र पनि त्यही हुने हो । यसलाई मार्टिनिकन लेखक एमे सिजेअरले पौने शताब्दीअघि नै 'साम्राज्यवादी बुमऱ्याङ' भनेका थिए । उनले युरोपेली उपनिवेशवाद कसरी फासीवादका रूपमा युरोप महादेशमै फर्किएको थियो भन्ने विश्लेषण गरेका थिए । हामीले 'आतङ्कवादविरोधी युद्ध' मा यस्तो बुमऱ्याङ अर्थात् प्रत्यावर्तन देखिसकेका छौं । यसका भाषा र तर्कलाई घरेलु दमनका निम्ति पुनर्अङ्गीकार गरियो । गत गृष्ममा ट्रम्पका डेपुटी चिफ अफ स्टाफ स्टिफेन मिलरले भनेका थिए, 'डिमोक्रेटिक पार्टी राजनीतिक पार्टी नै होइन । यो त घरेलु चरमपन्थी सङ्गठन हो ।' डिमोक्रेटिक पार्टी सत्तासीन भएका सहरहरूमा राष्ट्रिय सुरक्षा फौज खटाइन्छ । यसले कुनै बेला अफगानिस्तान र इराकमा कब्जाहेतु सेनाको उपस्थिति वृद्धि गरेको झल्को दिन्छ ।

यस दृष्टिकोणले युक्रेनमा रूसी महत्त्वाकाङ्क्षाप्रति ट्रम्पको नरम भाव र उदारतामा कुनै रहस्य छैन । सुनिएअनुसार सन् २०१९ मा रूसले अमेरिकासमक्ष एउटा प्रस्ताव राखेको थियो । युक्रेनबाट पछि हट्ने हो भने अमेरिकाले भेनेजुएलामा प्रभाव विस्तार गर्दा रूसलाई आपत्ति हुने छैन । के थाहा, यी दुईबीच यस्तो सम्झौता भएकै थियो कि ? सत्य के हो भने नयाँ विश्व व्यवस्थाको जन्म हुँदै छ । त्यस्तो विश्व व्यवस्था; जहाँ उत्तरोत्तर अधिनायकवादी शक्तिले छिमेकी देशलाई अधीनस्थ राख्न र उसको संसाधन हडप्न नृशंस बल प्रयोग गर्छ । उहिले जो दु:खदायी कल्पनाजस्तो लाग्थ्यो, अहिले त्यसैको खुलेआम विन्यास गरिंदै छ । प्रश्न यत्ति हो, यसविरूद्ध लड्नका लागि हामीसँग साधन, सामर्थ्य र तत्परता छ त ?

-द गार्डियन बाट (ब्रिटिस पत्रकार तथा लेखक जोन्स )